# धरान नगरपालिका, सुनसरी

## आर्थिक वर्ष २०६४|६५को बजेट तथा कार्यक्रमको समीक्षा र ०६५|६६ को बजेट, नीति तथा कार्यक्रम

बदलिंदो राजनैतिक परिवेशमा जनतालाई स्थानीयस्तरमा नै सक्षम र सुदृढ नबनाई राष्ट्र विकास हुन सक्दैन भन्ने भावना विकास भइसकेको र संघीय संरचनाबाट मात्र राज्यको र जनताको विकास र सुदृढीकरण हुनसक्छ भन्ने मान्यतालाई राज्यका सम्पूर्ण पक्षले आत्मसात गरेको वर्तमान अवस्थामा नयाँ संरचना निर्माण नभएसम्मको लागि विद्यमान स्थानीय निकायलाई नै सबल र सक्षम बनाउँदै लैजानुपर्ने कुरामा दुईमत छैन | यसै क्रममा विगत ६ वर्षदेखि जनप्रतिनिधीविहीन भएका स्थानीय निकायहरु नेपाल सरकारको निर्णयानुसार प्रमुख स्थानीय राजनैतिक दलहरुको निर्णय र सहमतिको आधारमा संचालन भइरहेको अवस्थामा आ.व.२०६५|०६६ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय प्रमुख राजनैतिक दलहरुको सहमति र निर्णयमा नगरपालिकाको आफ्नो वित्तीय क्षमताले भ्याएसम्म र प्रचलित कानूनले अधिकार दिएसम्म श्रोतहरु परिचालन गरी नगरवासीहरुको चाहनामुताविक योजना र कार्यक्रमहरु स्वीकृत गर्ने प्रयास गरिएको छ | चालु आ.व.को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नगरपालिकाले अधिकतम श्रोत परिचालन गरी नगरवासीका असीमित चाहनाहरुको प्राथमिकताको आधारमा परिपूर्ति गर्दै लैजाने प्रयास गरिएको छ | यस सन्दर्भमा गत आ.व.२०६४|०६५ को आय तथा व्यय र कार्यक्रमको सानो समीक्षा गर्नुपर्ने हुन्छ |

### आ.व. ०६४|६५ को बजेट तथा कार्यक्रमको समीक्षा

आ.व. २०६४|०६५ को स्वीकृत नीति, बजेट तथा कार्यक्रम अनुसार एक आर्थिक वर्षमा यस नगरपालिकाले गर्न सकेको आय व्यय र नीतिको कार्यान्वयन पक्षलाई निम्नानुसार विश्लेषण गरिएको छ |

**आय तर्फ:**

- आ.व. २०६४|०६५ को लागि स्वीकृत रु.१२,१८,२४,८९६/– को बजेटमध्ये आयतर्फ अनुमानित रु.१०,५३,०६,८६०/– मा आ.व.को अन्तसम्ममा भएको प्रगतिलाई यसरी हेर्न सकिन्छ |

| क्र.सं. | आय शीर्षक | अनुमान | यथार्थ | अनुमानको % |
|---|---|---|---|---|
| १ | विभिन्न करहरु | १०७४००००|०० | ९३४८०७६|३३ | ८७.०४% |
| २ | शुल्क तथा दस्तुर | ३३३२६०००|०० | ३१८४७०११|०० | ९५.५६% |
| ३ | सम्पति बहाल | ९४००००|०० | १२०७७५१|०० | १२८.४८% |
| ४ | अन्य | १७५००००|०० | ६३६०७६|०० | ३६.३५% |
| ५ | जि.वि.स.श्रोत बाँडफाँड | ३००००००|०० | १७५००००|०० | ५८.३३% |
| ६ | जिम्मेवारी | ११८१२६०|०० | ११८१२९९|०५ | १००.००% |
| | **आन्तरिक आय जम्मा:** | **५०९३७२६०|००** | **४५९७०२१३|३८** | **९०.२५%** |
| ७ | जनसहभागिता | १९८३८०००|०० | ४६८३५५०|०० | २३.६१% |
| ८ | अनुदान तथा सहयोग | ३४५३१६००|०० | १६०४२९९३|०७ | ४६.४६% |
| | **बाह्यतर्फ जम्मा:** | **५४३६९६००|००** | **२०७२६५४३|०७** | **३८.१२%** |
| | **कूल जम्मा** | **१०५३०६८६०|००** | **६६६९६७५६|४५** | **६३.३४%** |

यसरी हेर्दा श्रोत परिचालन तर्फ जम्मा अनुमानको आन्तरिक तर्फ ९०.२५% र अनुदान तथा सहयोग तर्फ ४६.४६% र जनसहभागिता तर्फ २३.६१% मात्र आय प्राप्त गर्न सकिएको भए पनि आफ्नो प्रयासबाट गर्न सकिने आय आर्जनलाई मात्र हेर्दा यस अवस्थालाई सन्तोषजनक मान्नै पर्छ | यत्तिको प्रतिशतमा आम्दानी गर्न सक्नुलाई कार्यालयको पूर्ण सफलताको रुपमा लिनुपर्ने हुन्छ | जनसहभागिता परिचालन तर्फ न.पा.को क्षमता भन्दा बढी योजना माग भई आएकोमा नयाँ योजना संचालनको लागि नगरपालिकाले आफ्नो म्याचिङ रकम उपलब्ध गराउन नसकेको हुनाले अनुमान जति जनसहभागिताको रकम प्राप्त हुन नसक्नु हाम्रो लागि एउटा चुनौती र तीतो यथार्थ पनि हो |

**व्यय तर्फ:**

आ.व. ०६४|०६५ मा व्यय तर्फ अनुमान गरिएको जम्मा रकम रु. १२,१८,२४,८९६/– मध्ये विभिन्न शीर्षकमा निम्नानुसार खर्च भएको :–

| क्र.सं. | खर्च विवरण | अनुमान | यथार्थ | अनुमानमा % | यथार्थमा % |
|---|---|---|---|---|---|
| १ | प्रशासनिक खर्च | २२८५०१३८|०० | २०४१४६२५|७२ | ८९.३४% | ३३.१४% |
| २ | सामाजिक विकास तर्फ | २९३७७५०८|०० | १६१९८६७९|१० | ५५.१४% | २६.३०% |
| ३ | साधारण पूँजिगत खर्च | १६२८०००|०० | १३३२०१५|०० | ८१.८२% | २.१६% |
| ४ | भवन निर्माण तथा मर्मत सम्भार | २२१०५००|०० | १६४६५३९|९८ | ७४.४९% | २.६७% |
| ५ | सार्वजनिक विकास निर्माण | ६५७५८७५०|०० | २२०१०३०८|०६ | ३३.४७% | ३५.७३% |
| | जम्मा: | १२१८२४८९६|०० | ६१६०२१६७|८६ | ५०.५७% | १००% |

यसरी आ.व.२०६४|०६५ मा नगरपालिकाले अनुमान गरेको जम्मा बजेटको ५०.५७% मात्र खर्च हुनसकेको अवस्थामा पनि प्रशासनिक खर्च तर्फ उक्त आ.व.मा नगरपालिकाले आर्जन गरेको आफ्नो आय (कर, शुल्क, दस्तुर, भाडा, महशुल आदि) को ४४.४१% (यथार्थ खर्चको ३३.१४%) खर्च भएको साथै सामाजिक विकासमा २६.३०% र सार्वजनिक निर्माण तथा विकासतर्फ ४०.५६% भएको लगानी यहाँ उल्लेख्य छ |

# आ.व. २०६५।०६६ को नीति, कार्यक्रम तथा बजेट

नगरपालिकाको सीमित श्रोतसाधनको अधिकतम परिचालन गरी खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउँदै सकेसम्म बजेट असन्तुलनलाई कम गर्ने प्रयास गरिएको छ । आय र व्ययतर्फका विशेष कार्यक्रम तथा नीतिहरुलाई देहायमा छुट्टाछुट्टै रुपमा प्रष्ट्याउने कोसिस गरिएको छ ।

## आय तर्फ :

आ.व. ०६४।६५ मा नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिस समेतको आधारमा केही कर तथा शुल्कका दरहरु परिवर्तन गरिएको र चालू आ.व.मा पनि केही शुल्क, दस्तुर र करको दरमा समेत केही हेरफेर गरिएको छ । नगरवासीहरुको माग तथा समयको परिवर्तनसँगै उत्पन्न भएका खर्चहरुको समायोजन गर्नलाई विगत वर्षहरुमा समावेश हुन नसकेका विषयहरुलाई समेत करको दायरा भित्र समावेश गर्ने प्रयास गरिएको छ ।

**एकीकृत सम्पत्ति कर**

- नगरपालिकाको आयस्रोतको मेरुदण्डको रुपमा रहेको एकीकृत सम्पत्ति कर आ.व. २०६२।०६३ देखि स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम नयाँ मूल्यांकन दर र करको दररेट निर्धारण गरी लागु गरिएको छ र एकीकृत सम्पत्ति कर ५ वर्षसम्म परिवर्तन गर्न नपाईनेहुंदा सो सम्बन्धमा केही परिवर्तन गरिएको छैन । एकीकृत सम्पत्ति कर असुल हुन बांकी रकमलाई यस वर्ष विशेष पहल गरी असूल उपर गरिनेछ ।

**व्यवसाय कर :**

- व्यबसाय कर संलकनमा उद्योग वाणिज्य संघसंग विगतमा गरिएको सम्झौता मुताविक नै सहकार्य गरेर अगाडि बढिनेछ । जस अन्तर्गत व्यवसायिक बीमा कार्यक्रम हालसम्म पनि हुन नसकेको हुँदा चालु आ.व.मा गर्न विशेष पहल गर्ने र व्यवसायिक हित कोषको समेत सञ्चालन गरिनेछ ।
- व्यवसाय कर संकलनको लागि उद्योग वाणिज्य संघ समेतको सहभागिता रहने गरी व्यवसाय कर संकलन टोली गठन गरी घरदैलोमा खटाई नयाँ करदातालाई करको दायरामा समाहीत गराउदै व्यवसाय कर संकलन गरिनेछ ।
- व्यवसाय करलाई प्रभावकारी बनाउन नयाँ व्यवसायलाई व्यवसाय शुरु गर्नुपूर्व अनिवार्य रुपमा न.पा.मा दर्ता गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- समयमा नै व्यवसाय कर बुझाउन र न.पा.मा व्यवसाय दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्न व्यापक रुपमा प्रचार प्रसार गरिनेछ ।
- न.पा.कार्यालयमा व्यवसाय दर्ता नगरी व्यवसाय संचालन गरे नगरेको निरीक्षण गर्न नगर प्रहरी, नेपाल प्रहरी सहित कर अधिकृत/कर निरीक्षकको नेतृत्वमा मासिक रुपमा छड्के निरीक्षणको व्यवस्था गर्ने र निरीक्षणको क्रममा दर्ता नगरी व्यवसाय सञ्चालन गरेको पाईएमा प्रत्येक पटकको लागि न्यूनतम् उक्त व्यवसायमा लाग्ने कर बराबरको रकमदेखि अधिकतम् रु पन्ध्र हजारसम्म जरिवानाको व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । यसको लागि निरीक्षण टोली प्रमुखले स्थलगत रुपमा नै जरीवाना गर्न सक्ने र उक्त जरीवाना माथि कार्यालय प्रमुखले पुनरावलोकन गर्न सक्नेछ ।
- नगरपालिकामा दर्ता भएर पनि नियमित रुपमा कर नबुझाउने पवृत्तिलाई निरुत्साहित गराउन साविकमा जरिवाना लगाउने व्यवस्था गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- कसैले आफ्नो व्यवसाय बन्द गरेमा वन्द गरेको ३५ दिन भित्र व्यवसाय सञ्चालन भएको वडाको सिफारीशसाथ नगरपालिकामा निवेदन दिनु पर्नेछ । राजस्व उपशाखाबाट आवश्यक जाँचबुझ गरेपछि लगत कट्टा गर्नुको साथै बन्दको सिफारीश गरिनेछ ।
- व्यवसायको लगत कट्टा गर्दा चालु आर्थिक वर्षसम्म (३५दिन नाघेमा)को सम्पूर्ण कर तथा बाँकी बक्यौता र जरिवाना समेत चुक्ता गर्नुपर्नेछ । लगत कट्टा गर्दा केही वा धेरै समय अघिदेखि व्यवसाय बन्द भएको र सोही व्यहोराको कुनै पनि सिफारीश गर्नु परेमा पनि सम्पूर्ण रकम चुक्ता गर्नुपर्नेछ ।
- होटल व्यवसायी संघ, सुनचांदी व्यवसायी संघ, मासु व्यवसायी संघ वा व्यवसायहरुसंग सम्बन्धित वस्तुगत संस्थाहरुको सहकार्य, सम्बन्धलाई निरन्तरता दिदै व्यवसाय कर संकलनलाई अझ प्रभावकारी बनाइनेछ ।
- आन्तरीक राजस्व कार्यालयमा दर्ता भएका तर न.पा.मा आवद्ध हुन नसकेका सुन तथा अन्य ठूला कारोवार गर्ने व्यक्ति तथा संस्थाहरुलाई करको दायरामा ल्याइनेछ ।
- मनी ट्रान्सफर को कारोवारबाट रु. १,००,०००।- (एकलाख) भन्दा कम आम्दानी गर्ने फर्मले उक्त कुरा खुल्ने प्रमाण पेश गरेमा ग श्रेणीको न्यूनतम् कर लागु गरिनेछ ।
- नगरक्षेत्रमा सञ्चालनमा रहेका परम्परागत पेशामा आधारीत घरेलु उद्योगहरुलाई स्थलगत सर्जमिनको आधारमा पछि न.पा.ले आदेश दिएका वखत आफ्नै खर्चमा बन्द गर्ने शर्त गराई व्यवसाय करको दायरामा ल्याईनेछ ।
- सरकारी र सामुदायिक विद्यालय एवं कार्यालयहरुले नगरपालिकालाई बुझाउनु पर्ने सेवा शुल्क र बांकी बक्यौता रकम असुल गर्न विशेष पहल कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- चालु आ.व.मा पोल पेन्टिङलाई समेत वाल पेन्टिङको दररेट बमोजिम करको दायरामा ल्याई राजस्व अभिवृद्धि गरिने छ ।

**बहाल विटौरी :**

- हाल बहाल विटौरी धरान १८ स्थित अस्पताल गेट अगाडी रहेका फुटपाथ पसलबाट प्रति स्टल रु. १५।- का दरले असुल गरिँदै आईएकोमा उक्त स्टलहरु व्यवस्थित गर्न गेट र टेक्सी स्टेण्डको पश्चिमतर्फ अस्थायी प्रकृतिको टिनको छाना भएको ईटा सिमेन्टको

गाह्रो भएको संरचना निर्माण गरि पसलहरुलाई उक्त स्थानमा स्थानान्तरण गर्ने र संरचनाको साईज र प्रकृतिको आधारमा भाडा रकम निर्धारण गरि आय वृद्धि गरिनेछ ।

- स्टलको भाडा रकम व्यापारी र न.पा.बीच आपसी समझदारी गरी निर्धारण गरिनेछ ।
- विभिन्न वडामा वहाल विटौरी लगाउने अन्य स्थानहरुको खोजि गरी क्षेत्र विस्तार गरिनेछ । जस्तै : पुरानो अस्पतालको कम्पाउण्ड पूर्व हाल रहेको फुटपाथ पसल र भोटेपुल स्थित ड्रेन माथिको पसल,

**बहाल कर :**

- बहाल करको दरमा कुनै परिवर्तन गरिएको छैन ।
- नियमित बहाल कर बुझाउने करदाता अति नै न्यून रहेको हुँदा चालु आर्थिक वर्ष २०६५।०६६ लाई "**बहाल कर बर्ष**" घोषणा गरी अभियानको रुपमा बहाल कर असुली गरिनेछ ।
- बहाल रकम निर्धारणको लागि स्वयं घोषणा विधि अवलम्बन गरी परिक्षणको लागि कार्य प्रारम्भ गरिनेछ ।
- स्वयं घोषित गर्ने बहाल रकमको सन्तुलन कायम गर्न क्षेत्र र क्षेत्रफलको आधारमा न्यूनतम् बहाल दर निर्धारण गरि लागु गरिनेछ ।
- बहालमा लिनेहरुको तथ्यांक संकलन गरी बहालमा दिन प्रयोग गरिएको संरचना र क्षेत्रको आधारमा घरजग्गाधनीबाट बहाल कर असूल गर्ने प्रयोजनको लागि कार्यदल गठन गरी व्यापक रुपमा परिचालन गरिनेछ ।
- बहाल कर संकलनलाई प्रभावकारी बनाउन उद्योग वाणिज्य संघ, आन्तरीक राजस्व कार्यालय, अन्य दातृ संस्थाहरु समेतको सहयोगमा कार्य गरिनेछ ।
- बहाल कर चालु आर्थिक वर्षमा संस्थागत, व्यापार क्षेत्रमा अभियानको रुपमा लागु गर्ने र अन्य क्षेत्रमा आगामी आर्थिक वर्षहरुमा क्रमश लागु गर्दै जाने नीति लिईएकोछ ।

**मनोरन्जन कर :**

- मनोरन्जन करको दरमा कुनै परिवर्तन गरिएको छैन ।
- शिव सिनेमा हलबाट मनोरन्जन कर हालसम्म उठ्न नसकिरहेकोले विभिन्न उपायहरु अवलम्वन गरी बक्यौता कर संकलन गर्न विशेष पहल गरिनेछ ।
- कुनै पनि महोत्सव, उत्सव, फेस्टिवल, डान्स पार्टि, सशुल्क सांगितिक कार्यक्रम नगरक्षेत्रमा सञ्चलन गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट स्वीकृती लिनु पर्ने र तोके बमोजिमको कर बुझाउनु पर्ने व्यवस्था गरिएकोछ ।
- महोत्सव, उत्सव, मेला आदि आयोजना गर्दा निम्नानुसारको नियम तथा शर्तहरु पालना गर्नु पर्ने व्यवस्था गरिएको छ ।
    - स्वीकृती वा सिफारीशको लागि कम्तिमा ३ महिना अगावै नगरपालिकामा आवेदन पेश गर्नु पर्नेछ ।
    - आवेदकले अनिवार्य रुपमा संस्था दर्ता प्रमाण पत्रको फोटोकपी, नविकरण, कर चुक्ता पत्र, अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको फोटोकपी पेश गर्नु पर्नेछ ।
    - दशैं, तिहारको समयमा आयोजना गरिने मेला, उत्सव, महोत्सव जस्ता कार्यक्रमवलाई स्वीकृति गर्दा दैनिक रु. ७०००।– का दरले शुल्क लगाईनेछ ।
    - कार्यक्रम आयोजना गर्ने आफैंले नै महोत्सव, उत्सव, मेला सञ्चालन गर्नु पर्नेछ र स्वीकृती वापत तोकिएको रकम जम्मा गरेपछि मात्र स्वीकृती दिईने व्यवस्था गरिनेछ ।
    - नियम र शर्त सम्बन्धमा गतवर्ष नगरपालिकाले तय गरेका शर्तहरुलाई समेत समावेश गरी निर्देशिका बनाई लागु गरिनेछ ।
    - आयोजकले न.पा.ले तोके बमोजिमका सम्पूर्ण शर्तहरु पालना गर्नु पर्नेछ ।
- सशुल्क सांगीतिक, सास्कृतिक, कन्सर्ट आदि कार्यक्रम धरानमा आयोजना गर्दा न.पा.को पूर्व स्वीकृती दिनु पर्नेछ । सो को लागि सुरक्षा लगायतको व्यवस्था आयोजकले नै गर्ने गरी रु. ५००।– मनोरन्जन कर लिईने छ ।

**जरिवाना र बक्यौता**

- साविक बमोजिम एकिकृत सम्पत्ति करमा पौषमसान्तभित्र बुझाएमा १०% र अन्य करको हकमा आश्विन महिनाभित्र बुझाएमा १०% छुट दिईनेछ ।
- समयमा कर नबुझाएमा तोकिएकोमा तोकिए बमोजिम र नतोकिएकोमा निम्नानुसार जरिवाना लाग्ने छ ।
    - आ.व. २०६१।०६२ सम्मको बक्यौतामा एकमुष्ठ ३०% सम्म,
    - आ.व. २०६२।०६३ देखि १ वर्षकोमा २५%, २ वर्षकोमा ५०%, ३ वर्षकोमा ७५% र ४ वर्ष वा सोभन्दा बढिको हकमा १००%
    - **बक्यौता लगत कट्टा गर्ने व्यवस्था:** कुनै पनि कर बक्यौताको लगत देहायको अवस्थामा देहाय अनुसारको सिद्धान्त अनुरुप राजस्व स्रोत अनुसन्धान परिचालन समितिको सिफारिसमा नगरपालिका (बोर्ड) बाट लगत कट्टा हुन सक्नेछ ।

      (क) करदाताको मृत्यु हुनगई सम्पत्ति वेवारीसे हुनगई कर असुल हुन नसक्ने अवस्थामा ।

(ख) करदाता टाट पल्टेको प्रमाणीत हुन गएमा ।

(ग) करदाता कारोवार बन्द गरी वेपत्ता भएको भन्ने प्रमाणीत भएमा ।

(घ) कुनै दैवि प्रकोप वा भवितव्य परी करदाताको जनधनको क्षति भई कर तिर्न नसक्ने अवस्था भएको कुरा प्रमाणित भएको खण्डमा ।

**सरसफाई सेवा शुल्क :**

यो शुल्कको दर समय सापेक्ष परीवर्तन गर्न सकिने भएतापनि एकीकृत सम्पत्ति करमा आधारित गरेर विगतका वर्षहरुमा लगाउँदै आईएको र एउटै रसिदबाट करदाताबाट रकम असुल गरिँदै आईएकोमा हाल परिवर्तन गरेमा ५ वर्ष सम्म कर परीवर्तन हुँदैन भन्ने कुरामा करदातालाई द्विविधा रहन जाने सम्भावना भएकोले दरमा परिवर्तन गरिएको छैन ।

**सडकबत्ति मर्मत सेवा शुल्क :**

यो शुल्कको दर समय सापेक्ष परीवर्तन गर्न सकिने भएतापनि एकीकृत सम्पत्ति करमा आधारित गरेर विगतका वर्षहरुमा लगाउँदै आईएको र एउटै रसिदबाट करदाताबाट रकम असुल गरिँदै आईएकोमा हाल परिवर्तन गरेमा ५ वर्ष सम्म कर परीवर्तन हुँदैन भन्ने कुरामा करदातालाई द्विविधा रहन जाने सम्भावना भएकोले दरमा परिवर्तन गरिएको छैन ।

**सवारी पार्किङ शुल्क :**

सवारी पार्किङ शुल्क पनि नगरपालिकाको स्थायी र दिगो आयस्रोत भएको र हालसम्म पनि यसको पूर्ण असुली गर्न नभई रहेको हुंदा चालु आर्थिक वर्षमा नयाँ स्थानहरुको पहिचान गरि यातायात र पार्किङ व्यवस्थालाई सुव्यवस्थित गर्दै जिल्ला ट्राफिक प्रहरी कार्यालयको आवश्यक सहयोगमा शुल्क संकलन कार्यलाई प्रभावकारी बनाईनेछ ।

**हाट बजार तथा मवेशी सेवा शुल्क :**

हाटबजार तथा मवेशी शुल्क संकलनको लागि नीजि क्षेत्रको पनि सहभागिता रहन सक्नेछ । निजी क्षेत्रलाई हाटबजार कर उठाउन दिएको कारण फुटपाथमा दैनिक अतिक्रमण वृद्धि भएको तथा प्रभावकारी फुटपाथ नियन्त्रण तथा व्यवस्थापन कार्य हुन नसकेको भन्ने जनगुनासोलाई मध्ये नजर राख्दै विगतमा भएको फुटपाथ नियन्त्रण तथा व्यवस्थापन गर्ने सम्बन्धी सर्वदलिय सहमतिलाई कार्यान्वियन गरिँदै लगिनेछ ।

**कान्जी हाउस शुल्क :**

कान्जिहाउसको प्रभावकारी सञ्चालन गरी छाडा पशुहरु नियन्त्रणका साथै आयमा वृद्धि गरिनेछ ।

**नक्सा पास दस्तुर :**

नक्सा पास दस्तुरलाई साविक बमोजिम नै कायम गरिनेछ ।

**बक्सौनी र सिफारीस दस्तुर**

बक्सौनी र सिफारीस दस्तुरमा केही परीवर्तन गरि लागु गरिएको छ ।

**मूल्यांकन सेवा शुल्क :**

मूल्यांकन सेवा शुल्कको दरलाई यथावतै कायम गरिनेछ ।

**नाता प्रमाणित दस्तुर :**

नाता प्रमाणित दस्तुर यथावतै नै कायम गरिनेछ ।

**नक्सा डिजाईन शुल्क :**

नक्सा डिजाईन शुल्क साविक बमोजिम नै कायम गरिनेछ ।

**वारुणयन्त्र पानी विक्री शुल्क :**

वारुणयन्त्रबाट पानी विक्रि शुल्क साविक बमोजिम नै कायम गरिनेछ ।

**शौचालय सेवा शुल्क :**

शौचालय सेवा शुल्क साविक बमोजिम नै कायम गरिनेछ ।

**ले आउट दस्तुर :**

ले आउट दस्तुर साविक बमोजिम नै कायम गरिनेछ ।

**निवेदन फारम दस्तुर :**

निवेदन फारम दस्तुर साविक बमोजिम नै कायम गरिनेछ ।

**वारुणयन्त्र सेवा शुल्क**

वारुणयन्त्र सेवा शुल्क साविक बमोजिम नै कायम गरिनेछ ।

**जग्गा नापी दस्तुर (अमिन)**

जग्गा नापजाँच सम्बन्धि कार्यको लागि नगरवासीहरुलाई सरल र सुलभ होस् भनि सशुल्क अमिन सेवा उपलब्ध गराईदै आएकोमा सेवालाई थप प्रभावकारी बनाई राजस्व समेत वृद्धि गर्न जग्गा नापी दस्तुरको दर १ कठ्ठा वा सो भन्दा कम्ति भएको एउटा कित्ताको शुल्क रु. १०००|- र एकै स्थान वा कित्तामा १ कठ्ठा भन्दा बढि जग्गा भएमा थप प्रति एककठ्ठासम्म रु. १००/- का दरले थप दस्तुर लाग्ने व्यवस्था गरिएकोछ ।

**पिच काट्ने दस्तुर**

खानेपानीको लाईन विस्तार गर्न पाईप झिक्न वा राख्नको लागि साविकका न.पा.ले लगाउदै आएको पिच काट्ने दस्तुरलाई हालको लागत बमोजिम वृद्धि गरी प्रति वर्गफिट रु. १५०|- निर्धारण गरिएको छ ।

**सम्पत्ति बहाल**

- मोति भवन हलको भाडा दर यथावतै कायम राखिएकोछ । स:शुल्क उपयोगको लागि प्रोत्साहन दिन कुर्सि, माईक र पोडियमको व्यवस्था गरिनेछ र हल नि:शुल्क नदिईने नीति अवलम्बन गरिनेछ ।

- बहुउद्देश्य पसल भवनको भुँईतलाका कोठाहरुको भाडा यथावतै कायम गरिनेछ । उक्त भवन पछाडीको भाडामा दिएको जग्गा फिर्ता लिन पहल गरिनेछ ।

- पालिका तरकारी बजारको भाडा दर चालु आ.व.मा यथावत नै कायम गरिएको छ र हालसम्म उक्त बजारका स्टलहरुको भाडादर पुनरावलोकन भएको नदेखिएको हुँदा आवश्यक गृहकार्य सहित आगामी वर्षमा भाडा दरमा पुनरावलोक गरिनेछ ।

विविध

- अन्धा, अपाङ्ग, जनआन्दोलनका घाईते र शहिद परिवारका सदस्यहरुले माग गरेको विभिन्न सिफारीशमा सम्मान स्वरुपमा नि:शुल्क सिफारीश उपलब्ध गराउने व्यवस्था गरिएको छ ।
- पुनर्जीवन केन्द्रमा भर्ना भई उपचार गराउन सिफारीश गर्दा लाग्ने सिफारीश दस्तुर पुरै छुट गरिएको छ।
- कक्षा ५ सम्म सञ्चालन भएका सामुदायीक विद्यालयले माग गर्ने सिफारिशमा लाग्ने शुल्कलाई छुट दिईनेछ ।
- व्यवसायीक रुपमा पार्क र पिकनिक स्पटको रुपमा प्रयोग गरिदैं आइएका स्थलहरुलाई न्यूनतम् करको दायरामा ल्याउन पहल गरिनेछ ।
- नगरपालिकाको आफ्नो स्वामित्वमा रहेका पार्क तथा पिकनिक स्पटहरुमा न्यूनतम् रु. ५०।- देखि अधिकतम रु २००।- सम्म शुल्क लगाई सोही स्थानको विकासमा प्रयोग गरिनेछ ।
- आय स्रोत सम्बन्धि सम्पूर्ण नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयनको लागि आवश्यक परामर्श, सहयोग र पहल गर्नको निमित्त **"राजस्व स्रोत अनुसन्धान तथा परिचालन समिति"** गठन गरिनेछ । समितिले आफ्नो कार्य विधि आफैं निर्धारण गर्नेछ ।
- आय सम्बन्धी नीति तथा कार्यक्रमलाई व्यवस्थित गर्न र कार्यान्वयनमा सहजिकरणको लागि विनियम तयार गरी लागु गरिनेछ ।
- जनसहभागिता परिचालन तर्फ विकास निर्माणमा मात्र धेरै जनसहभागिता जुट्ने गरेकोमा अन्य सामाजिक कार्यक्रमहरुमा समेत जनसहभागिता जुटाउन र स्थानीय गैससहरुसंग संयुक्त लगानीमा कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।
- विभिन्न दातृ निकाय र नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोगको लागि नियमित सम्पर्क र पहल गरी अधिकाधिक मात्रामा सहयोग प्राप्त गर्न पहल गरिनेछ ।
- नगरपालिकाको आफनै श्रोतबाट मात्र संचालन गर्न कठिनाइ हुने ठूला योजनाहरुलाई अन्य दातृ निकायहरु र जगेडा कोषको अत्यधिक उपयोग गरी ती योजनाहरुमा नगरपालिकाले गर्नुपर्ने लगानी अन्यत्र परिचालन गरिनेछ ।
- राजस्व वृद्धिका सन्दर्भमा करको क्षेत्र पुनरावलोकन र दायरा पत्ता लगाई विस्तार एवं प्रभावकारी बनाउन पहल गरिनेछ ।
- न.पा. बाट प्रदान गरिने सेवाहरुको शुल्क, कर, दस्तुर तिर्नुपर्छ भन्ने भावनाको विकास गर्ने वातावारण सिर्जना गर्न थप प्रयासस्वरुप नियमित र सबैभन्दा बढी एकीकृत सम्पत्ति कर र व्यवसाय कर तर्फ एक, एकजना करदाता (व्यक्तिगत, संस्थागत) लाई दोसल्ला ओढाई सम्मान गरिने ।
- CSR (Corporate Social Responsibility) को अवधारणा अवलम्बन गरी स्थानीय तथा राष्ट्रिय स्तरका व्यवसायिक प्रतिष्ठानहरुलाई नगरपालिकाको सामाजिक तथा भौतिक विकास गतिविधीहरुमा लगानी गर्न अभिप्रेरित गरिनेछ ।
- सार्वजनिक नीजि साझेदारी (Public Private Partnership) को अवधारणा लागु गरी सार्वजनिक क्षेत्रमा निजि क्षेत्रको लगानी प्रवर्द्धन तथा सहजीकरण गरिनेछ ।
- धरान घर भै वैदेशिक रोजगारमा संलग्न धरानेहरुलाई धरानको विकासमा लगानी गर्न **"लगानी मैत्री"** वातावरण श्रृजना गर्न पहल गरिनेछ ।
- नेपाल सरकारबाट निर्माण भई हस्तान्तरण भई आएको धरान सभागृहको मर्मत र फर्निसिङ कार्य सम्पन्न भइसकेकोले यसको भाडा निर्धारण गरिएको छ । साथै यसको संचालन प्रभावकारी बनाउन निजी क्षेत्रलाई दिने नीति अख्तियार गरिएको छ ।
- गत आर्थिक वर्षमा दिँदै आएको कर छुट र जरीवानाको व्यवस्थालाई यथावतै कायम गरिएकोछ ।
- न.पा.को आम्दानीको स्रोत अभिवृद्धि गर्ने सम्वन्धमा न.पा.बाट प्रदान गरिने सेवाहरु नि:शुल्क उपयोग गर्न खोज्ने प्रवृतिलाई निरुत्साहित गर्न संघसंस्था, राजनैतिक दल, नागरिक समाजको सहयोगको अपेक्षा गरिएको छ ।

यसरी प्राप्त श्रोत साधनको यथेष्ट परिचालन गर्दा देहाय बमोजिम आम्दानी हुने अनुमान गरिएको छ :

| क्र.सं. | आय शीर्षक | अनुमान | अनुमानको % | आन्तरिक/ बाह्रय आयको % |
|---|---|---|---|---|
| १ | विभिन्न करहरु | ११०५५०००।०० | ११.८२% | १७.१७% |
| २ | शुल्क तथा दस्तुर | ४२३९५०००।०० | ४५.३५% | ६५.८३% |
| ३ | सम्पति बहाल | १३३१०००।०० | १.४२% | २.०७% |
| ४ | अन्य | १९२५०००।०० | २.०६% | २.९९% |
| ५ | जि.वि.स.श्रोत बाँडफाँड | २५०००००।०० | २.६७% | ३.८८% |
| ६ | जिम्मेवारी | ५१८९५००।०० | ५.५५% | ८.०६% |
| **आन्तरिक आय जम्मा:** | | **६४३९५५००।००** | **६८.८७%** | **१००%** |
| | जनसहभागिता | ५००००००।०० | ५.३५% | १७.१८% |
| | अनुदान तथा सहयोग | २४१०२५००।०० | २५.७८% | ८२.८२% |
| **बाह्रय तर्फ जम्मा** | | **२९१०२५००।००** | **३१.१३%** | **१००%** |
| **कुल जम्मा:** | | **९३४९८०००।००** | **१००%** | |

## व्यय तर्फ :

चालु आ.व. २०६५।०६६ मा नगरपालिकाको आन्तरिक श्रोतलाई अत्यधिक परिचालन गरी बाह्य आम्दानी तर्फ विभिन्न दातृ निकाय र नेपाल सरकारसँग नियमित सम्पर्क र समन्वय गरी आय बृद्धि गरी सोही अनुपातमा खर्च व्यवस्थापन गरिनेछ । यस आ.व.मा पनि प्रशासनिक खर्चलाई सम्भव भएसम्म घटाउँदै सामाजिक विकासका क्षेत्रमा नगरपालिकाको लगानी बढाउदै सामजिक तथा व्यवसायिक क्षेत्रको लगानीलाई नगरपालिकाको दायराभित्र समाहित गर्न प्रयास गरिनेछ । साथै हरेक क्षेत्रको लागि पूर्वाधारको रुपमा रहेको भौतिक योजनातर्फ लगानी बढाउँदै लानेगरी बजेट विनियोजन गर्ने प्रयास गरिएको छ । यस आ.व.मा नगरपालिकाले लिने नीति तथा कार्यक्रमलाई देहायमा स्पष्ट गर्ने प्रयास गरिएको छ ।

**प्रशासनिक खर्चतर्फ** :

प्रशासनिक खर्च तर्फ कर्मचारीको तलब भत्ताजस्ता अनिवार्य रुपमा वृद्धि हुँदै जाने खर्चहरुबाहेक अन्य खर्चहरुमा सम्भव भएसम्म गत वर्षको तुलनामा बजेट कम गर्ने र सम्भव नभए पनि नबढाई मितव्ययिता अपनाउँदै लाने प्रयास गरिएको छ ।

- चालु आ.व.को आश्विनदेखि नेपाल सरकारले कर्मचारीहरुको तलब बृद्धि गरेको कारणले कर्मचारीहरुको तलब सोहीअनुसार हुनेगरी तलबमा गत वर्षको तुलनामा केही बढी रकम खर्च हुनेगरी प्रस्ताव गरिएको छ ।
- स्थानीय निकायहरु संचालनको लागि अन्तरिम संयन्त्र बन्ने सम्भावनालाई मध्यनजर गरी प्रतिनिधीहरुको लागि आवश्यक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ताको लागि आवश्यक रकम विनियोजन प्रस्ताव गरिएको छ ।
- कर्मचारीहरुले नियमानुसार संचित गरी राख्न पाउनेभन्दा बढी घर बिदाको रकम भुक्तानी गर्ने गरी बजेट व्यवस्था गरिएको छ । यसबाट कर्मचारीहरुले अधिकारको रुपमा आवश्यकताभन्दा बढी बिदा लिई बस्ने प्रवृत्तिमा कमी आई कार्यालयको कार्यसम्पादनस्तरमा बृद्धि हुने अपेक्षा गरिएको छ ।
- कर्मचारीहरुको कार्यबोझ तथा जिम्मेवारीको आधारमा केही कर्मचारीहरुलाई थप प्रोत्साहन दिनेगरी गत आ.व.मा गरिएको व्यवस्थालाई निरन्तरता दिइएको छ ।
- त्यसैगरी कर्मचारीहरु सेवा निवृत्त भएर जाँदाको लागि आवश्यक पर्ने रकमको लागि कर्मचारी कल्याण कोषमा जम्मा गर्ने , सवारी चालक, सडक बत्ति मर्मत र वारुणयन्त्र जस्ता जोखिमपूर्ण काममा संलग्न कर्मचारीहरुलाई विगत वर्षहरुदेखि नै दिइदै आएको दूर्घटना बीमाको व्यवस्थासमेतलाई कायमै राखिएको छ ।
- न.पा. सचिवलाई दिईदै आएको ३५% थप भत्ता, अन्य कर्मचारीलाई दिइएको खाजा भत्ता, वडा सचिवहरुलाई दिइएको प्रोत्साहन भत्ता, राजश्वको नगद काउन्टरमा बस्ने कर्मचारीहरुलाई दिइएको भत्ता, ले आउटको भत्ता, कम्प्यूटर हार्डवेअर मर्मत भत्तालाई यथावतै राखिएको छ भने जग्गा बिक्रीको सिफारिसको लागि फिल्डमा जानुपर्ने प्राविधिकलाई प्रति सिफारिस एक लिटर पेट्रोल दिइदै आएकोमा यसलाई परिवर्तन गरी अबदेखि प्रति सिफारिस रु.५० मात्र दिनेगरी बजेट व्यवस्था गरिएको छ भने प्रमुखको सवारी चालकलाई दिईदै आएको मासिक भत्ता रु.२००० लाई बृद्धि गरी रु.२३०० बनाइएको छ ।
- कार्यालयका स्थायी कर्मचारीहरुलाई विगत आ.व.हरुदेखि नै दिइएको जीवन बीमाको सुविधालाई यथावत राख्ने गरी प्रस्ताव गरिएको छ ।
- विज्ञापन तथा अनुदान जस्ता खर्चहरुको लागि गत आ.व.मा तय गरिएको नीतिकै आधारमा यस वर्ष पनि खर्च गर्न पहल गरिनेछ र अन्य खर्चहरुमा मितव्ययिता अपनाई घटाउँदै लाने प्रयास गर्न पहल गरिनेछ ।
- कार्यालयको आफ्नै भवन नहुँदा कार्यालय प्रमुखको क्वार्टर र वडा समिति कार्यालयहरुको लागि घरभाडामा बार्षिक रुपमा निकै रकम खर्च भइरहेकोले उक्त खर्च घटाउँदै लैजाने सिलसिलामा कार्यालयको अगाडि रहेको अव्यवस्थित टहरो हटाई चमेना गृहलाई व्यवस्थित गर्न गत आ.व.मै शुरु भएको योजनालाई पूरा गरिनेछ ।
- वडा नं.२ को सार्वजनिक विद्या भवन पछाडि रहेको जग्गामा भुईं तलामा व्यापारिक भवन र माथिल्लो तलाहरुमा कार्यालयको क्वार्टर बनाउन पहल गरिनेछ ।
- जनसहभागितामा वडासमिति कार्यालयहरु बनाउँदै जाने क्रममा १५ नं. वडा समिति कार्यालयहरु निर्माणको लागि समेत थप बजेट व्यवस्था गर्ने र १७ नं. वडा समितिको भवन निर्माण कार्यको लागि पनि केही बजेटको व्यवस्था गरी भाडामा हुने खर्च घटाउन प्रयास गरिएको छ । त्यसरी नै अन्य वडा समिति तथा स्वास्थ्य केन्द्रहरुको लागि सम्भाव्य सार्वजनिक भवन तथा जग्गाहरुको उपयोग गरी त्यसमा हुने खर्चलाई समेत नियन्त्रण गर्ने प्रयास गर्न पहल गरिनेछ ।
- धरानमा आफ्नो घर नभएका अधिकृत कर्मचारीहरुलाई कार्यालयको तर्फबाट आवास सुविधा उपलब्ध गराउने अवस्था नभएसम्मको लागि मासिक रुपमा घर बहाल वापत रु.२००० दुईहजार मात्र दिने व्यवस्था गरिएको छ ।
- वारुणयन्त्र र नगर प्रहरीहरुलाई उपलब्ध गराइने रासनवापतको रकम विगत वर्षहरुमा प्रतिमहिना रु.१,५००/– दिइदै आएकोमा बढ्दो महंगीसमेतलाई ध्यानमा राखी रु.१,७००/– दिने व्यवस्था गरिएको छ भने नगर प्रहरी र वारुणयन्त्रका कर्मचारीहरुलाई दिइदै आएको पोशाक सुविधावापतको रकमलाई यथावत राखिएको छ ।
- कार्यालयका अन्य स्थायी कर्मचारीहरुलाई दिइदै आएको पोशाक सुविधाको रकमलाई यथावत राखी करारमा नियुक्त ज्यालादारी कर्मचारीहरुलाई समेत बार्षिक रु.१०००/– दिनेगरी प्रस्ताव गरिएको छ ।
- कार्यालयबाट विभिन्न व्यक्तिहरुलाई दिइने आर्थिक सहयोगको रकममा नियन्त्रण गर्ने प्रयास गर्न पहल गरिनेछ । त्यसरी नै अतिथि सत्कार र अन्य भैपरी आउने खर्चहरुमा समेत नियन्त्रण गर्दै लाने उद्देश्य राखिएको छ ।

**क) विविध विज्ञापन सम्बन्धी व्यवस्था:**

१. कार्यालयको पूर्व स्वीकृति नलिई छापिएका कुनैपनि विज्ञापनलाई भुक्तानी दिईने छैन । स्मारिका, म्यागाजिन इत्यादिलाई न.पा प्रमुखको स्वीकृति लिएर प्रकाशन भएमा मात्र बढीमा रु ३,०००।०० (तीनहजार) सम्म मात्र भुक्तानी गरिनेछ ।

२. कार्यालयले स्वीकृति (आदेश) दिंदा तोकिएको चाड, पर्व र उत्सवमा मात्र दिनेछ । शुभकामनाको विज्ञापन आदेशको लागि न.पा.ले अग्रीम रुपमा नै रकम तोक्नुपर्ने छ र सोही अनुसारको मात्र शुभकामना विज्ञापनको भुक्तानी दिईनेछ ।

३. यसरी तोकिएको चाडपर्वमा शुभकामना विज्ञापन दिंदा देहाय अनुसार मात्र रकम भुक्तानी गर्ने गरी स्वीकृती दिइनेछ ।

- धरानबाट प्रकासित हुने पत्रिकालाई — रु. ३००|–
- धरानबाहेक सुनसरी जिल्लाबाट प्रकासन हुने अन्यलाई — रु. २००|–
- सुनसरी जिल्ला बाहिरबाट प्रकासन हुनेलाई — रु. १००|–

(ख) **अनुदान तर्फ :**

- विभिन्न संघ संस्थाहरुलाई दिईने संस्थागत अनुदानको लागि दर्ता र नवीकरण भएका संस्थालाई मात्र उनीहरुको कार्यक्रम पेश गरेपछि कार्यक्रमको प्रभावकारिता हेरेर मात्र अनुदान निकाशा दिइनेछ ।
- रु.५,०००/– भन्दा बढी अनुदान लिने संस्थाले प्रस्तावित कार्यक्रम सम्पन्न भएपछि खर्चको विवरण सहित संस्थाको निर्णय अनिवार्य रुपमा पेश गर्नुपर्ने शर्त राखिनेछ । उक्त विवरण पेश नगरेमा त्यसपछि दिइने अनुदान रोक्का गरिनेछ र आ.व. समाप्त भएपछि लेखापरीक्षण प्रतिवेदन र नवीकरणको प्रतिलिपी पेश गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- विभिन्न व्यक्ति तथा संस्थाहरुलाई दिइएको अनुदान सहयोगको रकमलाई पारदर्शी बनाउन मासिकरुपमा त्यसरी भएको भुक्तानीको विवरण सार्वजनिक गरिनेछ ।
- पूंजीगत अनुदान तर्फ विभिन्न संघ संस्था तथा निकायहरुलाई दिइने अनुदान प्राविधिकको लागत अनुमानको आधारमा सम्बन्धित निकायले तोकिएको कार्य शुरु गरिसकेपछि भएको कार्य प्रगतिको आधारमा मात्र उपलब्ध गराइनेछ ।
- शिक्षातर्फ पूर्वाञ्चल क्याम्पसलाई विनियोजित रकमलाई कृषि इन्जिनियरिङ तर्फ कुनै शिक्षकलाई विश्वविद्यालयले दिने नियमित सुविधाभन्दा अतिरिक्त केही सुविधा दिनुपर्ने भएमा नगरपालिकाको निर्णयमा आवश्यक रकम यकीन गरेर मात्र दिइनेछ ।

**आर्थिक प्रशासन:**

- हालै जारी भएको सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ मा भएको व्यवस्थाअनुसार मालसामान, सेवा तथा निर्माण कार्यको खरिद व्यवस्थालाई प्रभावकारीरुपमा अबलम्बन गरिनेछ ।
- अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट कायम हुन आएका बेरुजुहरुलाई नगरपालिका बैठकमा पेश गरी प्रचलित नियमानुसार फछ्र्यौट र अशुल उपर गर्ने प्रकृयालाई प्रभावकारी रुपमा लागु गरिने र आगामी दिनहरुमा बेरुजुको मात्रा कम गर्दै लाने उपायहरु अबलम्बन गरिनेछ ।
- नगरपालिकाको हालसम्म कायम पेश्की अशुल फछ्र्यौट गर्न एक समिति बनाई यस आ.व.मा मात्र घटीमा २५% पेश्की फछ्र्यौट गरिने र आगामी दिनमा पेश्कीको मात्रा कम गर्न प्रयास गरिनेछ ।
- नगरपालिकाले मासिक रुपमा गरेको आय र व्ययको विवरणलाई सूचना पाटीमा टाँस गर्ने लगायत अन्य माध्यमबाट नियमित रुपमा सार्वजनिक गरिनेछ ।
- जिन्सीमा मौज्दात रहेका पुराना भई काम नलाग्ने सामानहरुलाई प्रचलित कानुनको प्रकृया पुरा गरी लिलाम बिक्री गरी आम्दानीको श्रोतमा समेत केही बृद्धि हुने अपेक्षा गरिएको छ ।
- विगत धेरै वर्षदेखि कार्यालयमा बाँकी रहेको विभिन्न व्यक्ति तथा संघ संस्थाको धरौटी रकमलाई नियमानुसार सदर स्याहाको प्रकृया अघि बढाई हिसाब मिलान गरिने र फिर्ता गर्नु नपर्ने धरौटी रकमलाई नगरपालिका कोषमा आम्दानी बाँधी थप श्रोत परिचालन हुने अपेक्षा गरिएको छ ।

**सुशासन र पारदर्शिता:**

- जनताले तिरेको राजश्वबाट न.पा.ले गरेको आय आर्जन र खर्चलाई मासिक रुपमा सूचना पाटीमा टाँसी जानकारी गराउने, अन्य क्रियाकलापहरु वेबसाईटको माध्यमबाट र न.पा.को आफ्नो प्रकासन धरान दर्शनको माध्यमबाट जानकारी हुने गरी भईरहेको प्रकाशनलाई निरन्तरता दिईनेछ । साथै स्थानीय सप्तकोसी एफ.एम. मार्फत प्रशारण भई हाल स्थगित भएको **हाम्रो धरान** कार्यक्रमलाई पनि स्थानीय एफ.एम. मार्फत निरन्तरता दिनुका साथै टेलिभिजनमार्फत पनि कार्यक्रमहरु प्रशारण गर्ने व्यवस्था गर्न पहल गरिनेछ ।
- नगरपालिकाले दिनुपर्ने र दिइरहेको सेवा सम्बन्धमा प्रत्यक्षरुपमा अन्तर्क्रिया गर्ने उद्देश्यले सार्वजनिक सुनुवाइ र यस्तै अन्य कार्यक्रमको आयोजना गर्न पहल गरिनेछ ।
- नगरपालिकाले दिने सेवा सुविधा सम्बन्धमा सम्बन्धित सबैलाई जानकारी गराउने उद्देश्यले विगत वर्षहरुदेखि नै प्रकाशन हुँदै आएको नागरिक बडापत्रलाई परिमार्जित रुपमा तयार गरी वडासमिति कार्यालयहरुमासमेत सबैले देख्नेगरी राख्ने व्यवस्था गर्न पहल गरिनेछ ।
- नगरपालिकाको वेबसाईटलाई समयसापेक्ष अद्यावधिक गरिनेछ ।
- सुशासनको प्रत्याभूति हुने गरी गतिविधिहरु सञ्चालन गर्ने र सोका लागि बढदो सूचना र संचारको प्रयोगसंगै न.पा.को प्रशासनिक काम कार्वाहीहरुलाई कम्प्यूटरमा रेकर्ड राख्ने र जनतालाई छिटो छरितो सेवा दिने व्यवस्था गरिनेछ ।
- नगरपालिकाका कर्मचारीहरुको सूचनामाथिको पहूँचलाई थप सुनिश्चितता प्रदान गर्न गत आ.व. मा नै ब्रोडब्याण्ड ईन्टरनेट सेवा जडान भइसकेको छ । यसबाट कर्मचारीहरुमा व्यवसायिकताको विकास, आवस्यक सूचनामा सहज पहूँच र देश विदेशका समान निकायबीचमा सम्बन्ध विस्तार तथा समझदारी बढाउने विश्वास लिईएको छ ।

**संगठन तथा जनशक्ति विकास तर्फ:**

- न.पा.को संगठन संरचना र दरवन्दीको व्यवस्था धेरै पुरानो भैसकेकोले समयसापेक्ष रुपमा पुनरावलोकन गरी आवश्यकताअनुसार परिमार्जन गर्ने कार्यको लागि सुझाव पेश गर्न एक समिति गठन भई सो समितिले काम गरिरहेकाले सो समितिको प्रतिवेदन प्राप्त भएपछि प्राप्त प्रतिवेदनलाई क्रमश: कार्यान्वयन गर्दै लगिनेछ ।
- निश्चित अवधी सेवा गरिसकेका स्थायी कर्मचारीहरुलाई स्वेच्छिक अवकास लिन चाहेमा उनीहरुले पाउने सुविधामा केही रकम थप गरी अवकास दिने व्यवस्था गर्न पहल गर्न पहल गरिनेछ । यसबाट रिक्त हुन आउने पदलाई सम्भव भएसम्म दरबन्दी खारेज गर्ने र नभए अन्य तरीकाले काममा लगाई नगरपालिकाको दीर्घकालीन दायित्व कम गरी कामलाई चुस्त दुरुस्त बनाइनेछ ।
- नगरपालिकाको अर्थिक भारलाई कम गर्दै लैजान र प्रशासनलाई चुस्त दुरुस्त बनाउदैं कम जनशक्तिलाई धेरै सुविधा उपलब्ध गराई जनतालाई सर्वसुलभ तरिकाबाट सेवा प्रदान गर्ने उद्देश्यले नयाँ पदपूर्ति गरिने छैन । यसभन्दा अघि नगर परिषद्बाट स्वीकृत गरिएका र रिक्त भएका सम्पूर्ण दरबन्दीहरु पुनरावलोकन गरी खारेज गरिनेछ । अति आवश्यक भएको खण्डमा अति आवश्यकताको पुष्ट्याई गरी नगर परिषद्बाट दरबन्दी सिर्जना गरी मात्र पदपूर्ति गरिनेछ ।
- नगरपालिकालाई अझ बढी सक्षम एवं सुदृढ बनाई नगरपालिकाबाट प्रवाह हुने सेवालाई सर्वसुलभ एवं प्रभावकारी बनाइनेछ ।
- कुनै पनि निकायको मेरुदण्डको रुपमा रहेको जनशक्ति व्यवस्थापनको महत्वलाई ध्यानमा राखी विभिन्न संघ संस्थाहरुसंग समन्वय गरी आफ्नै न.पा.का कर्मचारीहरुलाई तालीम दिने र अन्य न.पा.का कर्मचारीहरुलाई समेत यसै न.पा.मा रहेको पूर्वाञ्चल क्षेत्रीय नगरपालिका अध्ययन केन्द्र (**Eastern Regional Municipal Learning Centre**) मार्फत तालीम दिई जनशक्तिको दक्षता अभिबृद्धि गर्ने आवश्यक व्यवस्था गरिनेछ ।

- नगरपालिकाबाट सम्पादन हुने कामको गुणस्तर अभिवृद्धि गर्न भौतिक, प्रशासनिक, आर्थिक क्षेत्रमा देखिएका विद्यमान समस्या र समाधानका उपायहरु अध्ययन गरी मौजुदा श्रोत साधन परिचालनबाटै समाधान हुनेगरी सुझाव दिन बिगतमा गठन भएको कर्मचारीहरुको कार्यदलबाट प्राप्त सुझावहरुमध्ये कार्यन्वयन हुन बाँकी सुझावहरुलाई प्राथमिकता क्रममा क्रमश: कार्यान्वयन गर्दै लगिनेछ ।
- जनप्रतिनिधीहरु नभएको वर्तमान अवस्थामा वडाअध्यक्षकोसमेत जिम्मेवारी बहन गर्नुपर्ने वडासचिवहरुलाई सहयोगीको रुपमा नयाँ दरबन्दी सिर्जना गरी थप कर्मचारी उपलब्ध गराउन सम्भव नभएकोले तत्कालको लागि कामको जिम्मेवारी समेतलाई हेरी २०६४ श्रावणदेखि नै लागु हुने गरी मासिक रु. ५००/– को दरले प्रोत्साहन भत्ता उपलब्ध गराइकोलाई निरन्तरता दिईने छ । यसबाट नगरवासीहरुलाई स्तरीय सेवा प्रदान गर्ने विषयमा थप प्रोत्साहन हुने विश्वास लिइएको छ ।
- कार्यालयको स्वीकृत दरबन्दीमा रही ज्यालादारी र अस्थायी रुपमा कार्यरत कर्मचारीहरुको सेवालाई विगत वर्षमा नै करार सेवामा परिणत गरिएकोमा चालु आ.व.मा समेत सोही व्यवस्थालाई यथावत राखिएको छ ।
- कर्मचारी प्रशासनलाई चुस्त, दुरुस्त र स्पष्ट बनाउन यसै आ.व.भित्र कर्मचारी प्रशासन सम्बन्धी विनियम वनाई लागू गरिनेछ ।
- कार्य संचालन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन तपसिलका क्षेत्रहरुमा प्रोत्साहन तथा सम्मान पुरस्कारको व्यवस्था गर्न पहल गर्न पहल गरिनेछ ।
  - कर्मचारीहरु:
    - वडासचिवहरु
    - कार्यालयका कर्मचारीहरु
  - विविध क्षेत्र
    - निर्माण उपभोक्ता समितिहरु
    - नियमित र अत्यधिक कर तिर्ने करदाताहरु
    - पत्रपत्रिका । पत्रकारहरु
    - साहित्यिक पत्रिकाहरु र साहित्यकारहरु
    - पर्यटन विकासका लागि योग्दान पुऱ्याउने व्यक्ति तथा संस्थाहरु
  - पचास जना भन्दा बढि रक्तदान गर्ने गराउने संस्था, वा निकायलाई रु २,०००।०० (दुईहजारमात्र) प्रोत्साहनस्वरुप उपलब्ध गराईदै आएको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
  - पुरस्कृत एवं सम्मान गर्ने प्रयोजनका लागि मूल्याङ्कनका आधारहरु तय गरी सार्वजनिक गर्न पहल गर्न पहल गरिनेछ ।

**खेलकूद तर्फ :**

- धरानको हालसम्मको खेलकूदको सहरको रुपमा समेत भएको परिचयलाई कायम राख्दै खेलकूदको माध्यमबाट धरानको पर्यटन विकासमा समेत सहयोग पुऱ्याउने तथा नगर क्षेत्रभित्र हुने खेलकूदलाई व्यवस्थित गरी नगरपालिकाबाट खेलकुदको क्षेत्रमा विनियोजन हुने रकमलाई व्यवस्थित तरीकाले बितरण गर्नसमेतको लागि एक नगरस्तरीय खेलकूद विकास समिति गठन गरिनेछ । उक्त समितिले आ.व.२०६५।०६६को असार १५ भित्रमा आफ्नो प्रतिवेदन पेश गरिसक्नुपर्ने व्यवस्था गरिनेछ ।
- खेलकुदको विकास तथा प्रवर्द्धनबाट आन्तरिक पर्यटन विकासका लागि बुढासुब्वा गोल्ड कप लगायतका अन्य स्थानीय प्रतियोगिताहरु संचालनको लागि दिईंदै आएको अनुदानलाई निरन्तरता दिइएको छ ।
- खेलकूद विकासका लागि फीफाबाट निर्माण भई यसै आ.व.मा उद्घाटन भएको एन्फा गोल प्रोजेक्टलाई व्यवस्थित रुपले सञ्चालन गराउनका लागि आवश्यक पहल गरिनेछ । यसबाट धरानको खेलकुद र खास गरी फुटबलको विकासमा धेरै नै टेवा पुग्ने अपेक्षा गरिएको छ ।
- लगभग बेवारिसे अवस्थामा रहेको धरान रंगशालालाई पहिलो चरणमा जग्गा अतिक्रमणबाट बचाउन बेलायतमा बस्ने धराने दाजुभाइको सहयोगमा घेराबारा गर्ने कार्य यसै आ.व.मा शुरु गरी सोको लागि आवश्यक थप रकमको लागि अन्य विभिन्न दातृ निकाय र संघसंस्थाहरुसँग समन्वय गरी आगामी आ.व.भित्रमा पहिलो चरणको कार्य पुरा गर्ने र थप कामहरु क्रमश: गर्दै लगिनेछ ।
- यसरी खेलकुदको क्षेत्रमा हुने विकासले गर्दा खेलाडीहरुले सामाजिक क्रियाकलाप, समाज परिवर्तन र उत्थानका क्षेत्रमा उदाहरणीय काम देखाई खेल र खेलाडी प्रति जनता प्रभावित हुने वातावरण सृजना गर्न अभिप्रेरित हुने विश्वास लिइएको छ ।

**सामाजिक विकास तर्फ :**

- महिला र बालबालिकाहरुको समग्र विकास र विकास कार्यमा उनीहरुको सहभागिता वढाउन महिला तथा बालबालिकाको लागि बिकेन्द्रीत कार्य (DACAW) लगायतका कार्यक्रमहरुको सुदृढीकरण र बिस्तारमा जोड दिइनेछ । साथै कार्यक्रमलाई निरन्तरता दिन न.पा. र युनिसेफको संयुक्त लगानीमा एक अक्षायकोषको स्थापना गरी विनियमावली वनाई लागु गर्न पहल गरिने छ ।
- युवा, किशोर किशोरीहरुको विकासका लागि उनीहरुकै संलग्नता र सहभागितामा कार्यक्रम संचालन गर्न विशेष कार्यक्रम ल्याइनेछ ।
- आर्थिक रुपमा पिछडिएका बस्ती तथा परिवारका गर्भवती महिलाको लागि वडास्तरमा आकस्मिक प्रसुती सहायता कोषको व्यवस्था भइसकेको छ । यसलाई बृद्धि तथा परिचालन गरी यसबाट आकस्मिक संकट निवारण तथा मातृशिशु मृत्यूदरमा कमि आउने विश्वास लिइएको छ ।
- अपाङ्ग तथा अशक्तहरुको तथ्यांक अद्यावधिक गरी उनीहरुको क्षमता विकास तथा पुनर्स्थापनाका लागि सम्बद्ध संस्थाहरुको सहभागिता एवं सहकार्यमा सीपमूलक र रोजगारमूलक कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।
- अपाङ्गहरुलाई नगरपालिकाले दिने सेवाहरुमा विशेष प्राथमिकता दिने नीतिअनुरुप अपाङ्ग नागरिकहरुलाई धरान नगरपालिकाबाट दिइने सिफारिस लगायतका सेवाहरुमा लिने गरिएको सेवा शुल्कहरु नलिने व्यवस्था गरिएको छ । साथै लागु पदार्थको दुर्व्यसनमा फसेकाहरुको स्वास्थ्य उपचार, दैवी प्रकोपमा परेकाहरुलाई उपचार तथा राहतकालागि सम्वन्धित सरोकारवाला निकायहरुमा सिफारिस गर्दा नगरपालिकाबाट लिइने दस्तुर छुट दिइनेछ ।
- पिछडिएका बस्तीहरुमा सचेतनामूलक एवं सशक्तीकरण र स्वरोजगारमूलक तालीमका क्षेत्रहरु पहिचान गरी दाताहरुको सहयोगमा एकीकृत रुपमा (प्याकेज) कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

- धरानको सहरी गरीबहरुको तथ्याङ्क संकलन भई सहरी गरीबी प्रोफाइल तयार भइरहेकोमा चालु आ.व.मा समग्र धरानको गरीबी न्यूनीकरण कार्यनीति तय गर्न पहल गरिनेछ । दातृ निकायहरुको सहयोगमा सहरी गरीवी न्यूनीकरणका विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- समूह तथा समुदाय स्वपरिचालन हुने अवस्था सिर्जना गर्न पहल गरिनेछ ।
- NGOs, पेशागत संघसंस्था र स्थानीय दक्ष जनशक्तिको प्रोफाइल तयार गरी आवश्यकताअनुसार वडा / बस्ती / समुदायमा विभिन्न सामाजिक क्रियाकलाप संचालन गर्न उत्प्रेरित गरिनेछ ।
- सामाजिक संघसंस्थाहरु तथा युवाहरुको परिचालन गरी सामाजिक विकृति फैलाउने जुवातास, मादक पदार्थ, लागू औषध सेवन, वा यस्तै प्रकृतिका कूकार्यहरु निरुत्साहित गर्न पहल गरिनेछ ।
- सामाजिक कार्यक्रमहरु संचालन गर्दा अत्यधिक रुपमा स्थानीय सरकारी र गैरसरकारी संघ संस्थालाई परिचालन गर्न पहल गरिनेछ ।
- संघसंस्थाहरुले संचालन गरेका विभिन्न कार्यक्रमहरुको अनुगमन मूल्यांकन तथा सहजीकरणका लागि संघसंस्थाहरुसंग समन्वय गरी नगरपालिकाको कार्यक्रमसँग एकीकृत गर्ने र कार्यक्रमहरुको दोहोरोपनलाई कम गर्न संघसंस्थासहितको संयन्त्र तथा प्रणालीको विकास गरी कार्य संचालनमा सहजता ल्याईनेछ ।
- कुनै पनि कार्यक्रम संचालन गर्न संघ संस्थालाई रकम सहयोग गर्दा सम्बन्धित संस्थाको पनि लगानी अनिवार्य देखिने गरी प्रस्ताव लिई सोही आधारमा मात्र आवश्यकता र औचित्य हेरेर मात्र सहयोग गरिनेछ ।
- संघ संस्था परिचालन सम्बन्धी निर्देशिका यथाशीघ्र तयार गरी न.पा.बाट स्वीकृत गराई कार्यान्वयन गर्न पहल गरिनेछ ।
- समाजको विकासका लागि स्थानीय बुद्धिजीवी, समाजसेवी, विषयविज्ञ र धरानबाट अन्यत्र गई बसोवास गरेका धरानेहरुलाई धरान विकास मञ्चमा आबद्ध गराई धरानको विकासमा व्यापकता र प्रभावकारिता ल्याउन पहल गरिनेछ ।
- समाजमा पिछडिएर रहेका महिला, दलित, अपाङ्ग तथा आदिवासी जनजातिहरुको सशक्तीकरणको लागि उनीहरुसँगै सम्बन्धित संस्थाहरुको सहकार्यमा विभिन्न कार्यक्रमहरु समेत संचालन गर्न पहल गरिनेछ ।

**वातावरण विकास तर्फ :**

- सहरलाई सुन्दर बनाउनका लागि बृक्षरोपण लगायत सार्वजनिक खाली जग्गाहरुमा सार्वजनिक निजी साझेदारीमा फूलबारी तथा लघु पार्क निर्माण गर्न पहल गरिनेछ ।
- ठोस फोहोरमैला व्यवस्थापनका लागि कम्पोष्ट मल बनाउने तालीमलाई निरन्तरता दिई कम्पोस्ट मल उत्पादनतर्फ अभिप्रेरित गर्न पहल गरिनेछ ।
- सिम एन आयोजना तथा युडिएलई लगायतका दातृ निकायहरुसँगको सहकार्यमा पुनर्प्रयोगयोग्य बस्तुहरुको संकलन केन्द्र स्थापना भइसकेकोले त्यसको संचालन तथा व्यवस्थापनमा सहयोग गर्न पहल गरिनेछ ।
- दीर्घकालीन रुपमा Landfill Site को छनोट गर्न गठीत कार्यदलको प्रतिवेदन प्राप्त भइसकेकोले सोको विस्तृत अध्ययन गरी निर्माण तथा व्यवस्थापन गर्ने तर्फ पहल गर्न पहल गरिनेछ ।
- हाल प्रयोगमा रहेको डम्पिङ साइटको व्यवस्थापन तथा सम्बन्धित वन क्षेत्रको संरक्षणको लागि आवश्यक व्यवस्था गर्न पहल गरिनेछ ।
- फोहर संकलन गर्ने थप साधनको व्यवस्था गर्ने सिलसिलामा थप फलामे ठेला खरिद गरी संकलन कार्यलाई अझ प्रभावकारी बनाइनेछ ।
- धरानमा रहेको खानेपानीको समस्यालाई मध्यनजर गरी घरमा बर्षादको पानी संकलन गर्ने प्रविधीलाई प्रोत्साहन गर्न उक्त प्रविधी जडान गर्न चाहने घरधनीहरुको घरनक्सा पास गर्दा लाग्ने दस्तुरमा निश्चित रकम छूट दिने व्यवस्थालाई कायमै गरिएको छ ।
- सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप नगरपालिकाले गर्दै आएको सरसफाइको काम निजी क्षेत्र लगायत सामुदायिक संघसंस्थाहरुमार्फत गर्ने नीति अवलम्बन गरिएको छ ।
- सिम एन आयोजना र नेपाल खानेपानी संस्थान समेतको साझेदारीमा सर्दु जलाधार क्षेत्रको संरक्षण तथा खानेपानीको गुणस्तर सुधारको लागि विशेष कार्यक्रम संचालन गर्न पहल गरिनेछ । यसका लागि अन्य निकायहरुको सहभागितालाई समेत प्रोत्साहित गर्न पहल गरिनेछ ।
- बजारको सौन्दर्य र जनस्वास्थ्यमा समेत प्रतिकुल असर पर्ने किसिमले अव्यवस्थित र छाडा रुपमा रहने कुकुर, सुंगुर र अन्य चौपायाहरुको नियन्त्रणको लागि केनल क्लव जस्ता पशुसंग सम्बन्धित संघ संस्थाहरुको स्थापनाको लागि प्रोत्साहित गरी व्यवस्थापनको लागि सहकार्य गर्न पहल गरिनेछ ।
- नगरस्तरीय वातावरण सुधार समितिबाट नगर क्षेत्रमा भइरहेको वातावरणीय अनुगमनलाई अझ बढी प्रभावकारी बनाउनको लागि आवश्यक न्युनतम सहयोग प्रदान गर्ने कार्यलाई कायमै गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुको कार्यलाई प्रोत्साहन गर्नका लागि विश्व वातावरण दिवस लगायतका क्रियाकलापमा संलग्न गराउने, जनचेतना बढाउनेजस्ता कार्यलाई प्राथमिकता दिईनेछ ।
- सामुदायिक वनबाट प्राप्त हुने आय तथा काठलाई स्थानीय विद्यालयहरु, संघसंस्था लगायतलाई सहयोग उपलब्ध गराउन प्रोत्साहित गर्न पहल गरिनेछ ।
- सिम एन आयोजनाको सहयोगमा तर्जुमा भइरहेको वातावरणीय आवधिक योजनाको मस्यौदालाई अन्तिम रुप दिईनेछ ।
- फोहरमैला व्यवस्थापनमा सहयोग पुऱ्याउने सर्वोत्कृष्ट व्यक्ति वा संस्थालाई विश्व वातावरण दिवशका दिन रु.१००१ नगद पुरस्कार र सम्मान पत्र दिइनेछ ।
- धरान न.पा.क्षेत्रभित्र खानेपानीको अभावलाई पुरा गर्न छिमेकी गा.वि.स.हरुमा रहेका श्रोतहरुलाई पहिचान गरी कार्यान्वय गर्न आबश्यक समन्वय र परामर्श गरिनेछ ।
- मासु व्यवसायलाई व्यबस्थित गर्न सरोकारवाला निकायहरुको संलग्नतामा व्यवस्थित बधशाला निर्माण तथा मीट कम्प्लेस निमाण गर्न आवश्यक पहल गरिने छ ।
- जनस्वास्थ्यमा प्रत्यक्ष असर पार्ने अवस्था देखिएका सर्दुमा खोलाको खानेपानीको मुहानदेखि माथि रहेको शवदाह स्थल हटाउन र बौद्ध दाहसंस्कार स्थलको दाहस्थल सार्न समेत केही बजेट विनियोजन गरिएको छ ।

**सार्वजनिक निजी साझेदारी तर्फ :**

- न.पा.को सीमित श्रोतलाई अत्यधिक उपयोग गर्ने गरी ठूला योजनाहरु निर्माण तथा संचालन गर्दा सार्वजनिक निजी साझेदारीका आधारमा गर्ने गरी कार्यक्रम अघि बढाइनेछ । यस प्रयोजनको लागि स्थानीय स्वायत्त शासन नियमावलीमा भएको व्यवस्था अनुसार एक सार्वजनिक निजी साझेदारी समिति गठन गरी उक्त समितिबाट तत्काल काम शुरु गराई सार्वजनिक निजी साझेदारीमा हुनसक्ने योजनाहरुको सुचीकृत गरी यसै आ.व.भित्र घटीमा दुईवटा योजनाहरु संचालनको लागि सम्झौता गरिसक्ने लक्ष्य लिइएको छ ।
- स्थानीय विकास मन्त्रालय र सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरी नेपाल सरकार / युएनडिपी को संयुक्त संचालनमा रहेको शहरी वातावरण विकासका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम (PPPUE) लाई यस नगरपालिकामा समेत लागु गर्न पहल गरिनेछ ।
- वडा नं. ३/ ६ मा अवस्थित माछा भौडीमा व्यवस्थित मिट कम्प्लेक्सका लागि नीजि क्षेत्रलाई उक्त जग्गा निश्चित अवधिका लागि लिजमा उपलब्ध गराई BOT को अवधारणामा गर्ने तर्फ पहल गरिनेछ ।
- विगतमा निजी क्षेत्र मार्फत संचालन भई पुन: नगरपालिका आफैंले संचालन गर्दै आएको नगरको सरसफाइ तथा फोहरमैला व्यवस्थापन कार्य वडा तथा टोलस्तरमा टोल समूहहरुलाई र नगरस्तरमा दीर्घकालीन व्यवस्थापनको लागि निजीक्षेत्रलाई जिम्मा दिने प्रकृया अघि बढाइनेछ । यस क्रममा घटीमा २ वटा टोल समूहहरुलाई नमूनाको रुपमा उक्त कार्य जिम्मा दिइनेछ ।
- धरानको विकास र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहूँचका लागि बहूप्रतिक्षित धरान एयरपोर्टको निर्माण कार्य यसै वर्ष प्रारम्भ गर्न नागरिक समाज तथा सम्बद्ध निकायहरुको सहयोग लिई सरकार र सम्बन्धित निकायहरुलाई दबाब सिर्जना गराउन आवस्यक पहल गरिनेछ ।
- सप्तरंगी पार्कको निर्माण कार्य पुरा गर्न विभिन्न दातृ निकायहरुसँग समन्वय गरिनुका साथै सार्वजनिक निजी साझेदारीबाट विकास तथा विस्तारको कार्य अघि बढाइनेछ ।
- सप्तरंगी पार्कभित्र विषयगत (Thematic) गार्डेन तथा अन्य निर्माणमा स्थानीय निजी तथा संस्थागत निकायहरुको संलग्नता बढाई आवस्यक विकास कार्य गर्न संघसंस्थाहरुलाई प्रस्तावको आधारमा निश्चित जग्गा उपलब्ध गराइनेछ । निर्माण कार्य सम्पन्न भएपछि त्यस्ता योजनाहरुको संचालन व्यवस्थापन निजी क्षेत्रमार्फत गरिने नीति लिइएको छ ।
- धरान ५ महेन्द्रपथमा रहेको फुटपाथको रेलिङ्गमा नीजि क्षेत्रको साझेदारीमा विभिन्न सूचनामूलक विज्ञापनहरु लेख्न प्रोत्साहन गरिनेछ ।
- विभिन्न ट्राफिक आईल्यान्ड र साना पार्कहरु निर्माण गरी मर्मत सम्भार तथा सञ्चालनका लागि CSR (व्यावसायिक सामाजिक दायित्व) को आधारमा गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- नगरको पहिचान भएका स्थानहरुमा सुविधासम्पन्न शौचालय, स्नानगृह जस्ता अन्य आधुनिक नगरका आवस्यक पूर्वाधारहरु निजी क्षेत्रबाटै निर्माण गरी संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- धरान नगरमा आन्तरिक रुपमा भैरहेको सार्वजनिक परिवहनको अभावलाई पूरा गर्न सम्बद्ध पक्षसंग छलफल गरी आन्तरिक परिवहन संचालनको प्रक्रिया अघि बढाईनेछ ।
- नगरपालिका कार्यालय हाताभित्र महेन्द्रको सालिक रहेको स्थानमा Water Fountain लगायत व्यवस्थित फूलबारीको पुन:निर्माणको लागि सार्वजनिक निजी साझेदारी (**PPP**) अथवा व्यवसायिक सामाजिक उत्तरदायित्व ( **Corporate Social Responsibility**) को आधारमा निर्माण गर्न पहल गरिनेछ ।
- धरान १७ स्थित रेल्वे चौक बिस्तार र सार्वजनिक शौचालयको निर्माण तथा विकासका लागि निजी क्षेत्रको सहभागिता जुटाउन पहल गरिनेछ ।
- भानुचौक स्थित तत्काल फेन्सीसप रहेको स्थानलाई उपयुक्त विकल्प सहित विकास गर्न निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।
- धरान १४ स्थित पञ्चकन्या पार्क, अधुरो सभागृह निर्माण स्थल र रजत जयन्ति पार्कलाई पुनर्निर्माण गरी व्यवसायिक रुपमा संचालन गर्न निजी क्षेत्रको सहभागितालाई समावेश गर्न पहल गरिनेछ ।

**योजना संचालन सम्बन्धमा :**

- विगत वर्षहरमा नै शुरु भई लगभग अन्तिम चरणमा रहेको पाँच वर्षे आवधिक योजना तर्जुमा कार्यलाई नेपाल सरकार, सहरी विकास तथा भवन निर्माण विभाग र युडीएलई समेतको प्राविधिक तथा वित्तीय सहयोग तथा राजनैतिक दलहरुको प्रत्यक्ष सहभागिता र सहमतिमा आवश्यक परिमार्जन गरी आवधिक योजना मस्यौदालाई अन्तिम रुप दिन पहल गरिनेछ ।
- विगत वर्षदेखि नै सुरु भएको तीनकुने सुन्दर बस्ती विकास आयोजना (जग्गा विकास कार्यक्रम) लाई निरन्तरता दिंदै यसै आ.व.भित्र पूर्वाधार निर्माण कार्यको सुरुवात गर्न पहल गरिनेछ ।
- हालको बसपार्कको समस्यालाई मध्यनजर गरी बसपार्कको लागि उपयुक्त स्थानको छनौट गरी निर्माणको लागि पहल गरिनेछ ।
- भविष्यमा हुने सहरी विकासलाई ध्यानमा राखी चक्रपथ निर्माणको लागि सर्वेक्षण कार्य गराइनेछ ।
- खहरे, सेउती र सर्दू नियन्त्रणका लागि गुरुयोजना तयार गरिनेछ ।
- भवन तथा योजना मापदण्ड २०५६ लाई समयसापेक्ष परिमार्जन गरिनेछ । उक्त मापदण्ड तथा नेपाल राष्ट्रिय भवन निर्माण संहितालाई प्रभावकारी ढङ्गबाट लागू गर्न गराउन भवन निर्माण सम्बन्धी विनियम बनाई कडाईका साथ अगाडि बढाइनेछ ।
- खानेपानी समस्या समाधानका लागि बैकल्पिक व्यवस्थाको रुपमा आकाशे पानी संकलन प्रविधिलाई जनमानससामु लगिनेछ भने दीर्घकालिन व्यवस्थाको लागि सम्वद्ध निकायहरुसँग आवश्यक समन्वय गरी समस्या समाधानको पहल गरिनेछ ।
- विभिन्न दातृ संस्था, निकाय र संघ संस्थासँग नगरपालिकाको आर्थिक दायित्व हुने विषयमा सम्झौता गर्दा चालु आ.व. को बजेट तथा कार्यक्रममा स्वीकृत भई सकेको विषय भएमात्र सम्झौता गरिनेछ ।
- विगत वर्षहरुदेखि नै हुँदै आएको भौतिक विकासमा हुने जनसहभागिता परिचालनलाई अन्य क्षेत्रमा समेत विस्तार गरी निरन्तरता दिईनेछ ।
- चालु आ.व.मा विनियोजित रकम खर्च गर्दा विगत वर्षहरुदेखि शुरु भई पूरा हुन बाँकी भएका क्रमागत योजनालाई पहिलो प्राथमिकता दिइनेछ ।
- नयाँ योजनाहरुको हकमा वडा समिति, उपभोक्ता समिति तथा विभिन्न संस्थाहरुको माध्यमबाट माग भई आएका योजनाहरुलाई योजनाको प्रकृति, आवश्यकता तथा लागतको आधारमा आवश्यकता र औचित्य हेरी संचालन नगरी नहुने योजनामात्र स्वीकृति गर्ने गरी प्राथमिकता

क्रम (P1, P2, P3) को नीति अवलम्बन गरिएको छ । यसबाट योजनाको संख्या र लागत धेरै तथा बजेट न्यून भई हुने समस्याबाट नगरपालिकालाई केही राहत हुने देखिएको छ ।

- छनौट भएका योजनाहरुलाई बास्केटमा राखी नगरपालिकाको क्षमताको आधारमा मात्र योजनाहरु संचालन गर्ने व्यवस्था गरिएको छ ।
- नयाँ सडक निर्माण गर्नका लागि योजनाहरु छनौट गर्दा निम्न चेकलिष्टको आधारमा गरिएको छ ।
  - सडकको महत्व ४० %
  - जनसहभागिताको प्रतिशत (न.पा.को दायित्व) ३५ %
  - ढल पहिले नै निर्माण भए नभएको १० %
  - ग्राभलिङ्ग भई पिच मात्र गर्न बाँकी रहे नरहेको १० %
  - लाभान्वित जनसंख्या ५ %
- यसरी प्राथमिकता निर्धारण गरिए अनुसार पहिलो प्राथमिकतामा परेका योजनाहरु समाप्त भएपछि मात्र दोश्रो र दोश्रो समाप्त भएपछि मात्र तेश्रो प्राथमिकताका योजनाहरु संचालन गर्नेगरी सम्झौता गरिनेछ ।
- बाढी, खहरे नियन्त्रण जस्ता तत्काल नगरी नहुने कार्य बाहेक विगत वर्षका योजनाहरु सम्पन्न नभई न.पा.को दायित्व सिर्जना हुने गरी योजनाको सम्झौता गरिने छैन ।
- स्थानीय विकास मन्त्रालयमार्फत प्राप्त हुने जगेडा कोष, सडक मर्मत कोष तथा कृषि सडक लगायतका शीर्षकमा प्राप्त हुने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।
- उपभोक्ता समितिको सहभागितामा निर्मित सडक, ढल, पुल आदिको निर्माण कार्य सम्पन्न पश्चात सम्बन्धित उपभोक्ता समितिलाई नै प्रकृयागत रुपमा हस्तान्तरण गर्ने र उक्त योजनाहरुको आवधिक मर्मत तथा सम्भारमा बजेट अभावका कारणले समस्या आउने भएकाले निर्माण कालदेखि नै मर्मत संभार कोषको स्थापना गरी स्थानीय उपभोक्ताहरुले समानुपातिक रुपमा कोषमा रकम जम्मा गर्ने परिपाटीको थालनी गर्न पहल गरिनेछ । सो प्रयोजनका लागि सम्बन्धित उपभोक्ता समितिहरुलाई आवश्यक तालीमको व्यवस्था गरिनेछ ।
- विगत वर्षमा नै स्थापना भएको ***नगरस्तरीय सडक ढल मर्मत कोष***को सञ्चालन निर्देशिका बनाई क्रियाशील बनाईनेछ ।
- सरकार वा अन्य कुनै निकायबाट प्राप्त हुने सशर्त अनुदान अन्तर्गत हुने निर्माण कार्य ती निकायहरुबाट भएको निकासाको आधारमा मात्र खर्च गरिनेछ ।
- Dharan City Devlopment Vision अनुसार टेलिकम अफिसदेखि ट्राफिक चौकसम्म, भौडी देखि पुतलीलाईन वडा नं.९ र १० को पुलसम्म व्यवस्थित शहरीकरणको अवधारणालाई अगाडि बढाइनेछ ।
- नगरपालिकाभित्रको प्राकृतिक स्रोत साधनमा सम्पुर्ण अधिकार न.पा.कै हुने गरी प्रचलित कानुनमा परिवर्तन गर्न नेपाल सरकारलाई अनुरोध गरिनेछ ।
- दमक– केराबारी– धरान– चतरा हुँदै राजधानी जाने बैकल्पिक राजमार्गको निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- छिमेकी गा.वि.स.हरुसंग जोडने Link Road को विकास गर्न पहल गरिनेछ ।

## दीर्घकालीन दृष्टिकोण अनुसार क्षेत्रगत नीति तथा कार्यक्रमहरु

**शिक्षा:**

नगरपालिकाको दीर्घकालीन सोचमा रहेको शिक्षा क्षेत्रमा उल्लेखनीय विकास गर्नका लागि देहायका कार्यक्रमहरु समावेश गरिएको छ ।

- समुदायद्वारा संचालित विभिन्न प्राथमिक विद्यालयहरुलाई विगतमा भैं संचालन अनुदानको व्यवस्था गरिएको छ ।
- विभिन्न राष्ट्रिय भाषाहरुको विकास तथा भाषा शिक्षणको लागि सहयोगको व्यवस्थालाई निरन्तरता दिईने छ।
- अन्य भाषाभाषि, लिपी, सांकेतिक भाषा, कला, संस्कृति साहित्यको विकासका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । शिक्षा, कला, साहित्य तथा सांस्कृतिक कार्यक्रमहरुलाई फलदायी र प्रभावकारी बनाउन तथा सो क्षेत्रमा नगरपालिकाले विनियोजन गरेको रकमलाई व्यवस्थित र समानुपातिक तरीकाले वितरण गरी नगरपालिकासमेतको लगानीमा भएको कार्यहरुको अनुगमन समेत गर्ने प्रयोजनको लागि एक समिति गठन गरिनेछ । सो समितिको कार्यावधी २०६६ असार मसान्तसम्म हुने उक्त समितिले गरेका कामहरुको प्रगति विवरण र प्रतिवेदन २०६६ असार १५ भित्रमा नगरपालिकामा पेश गरिसक्नह्रपर्ने व्यवस्था गरिनेछ ।
- शैक्षिक उत्प्रेरणाका लागि एस.एल.सी. परीक्षामा उत्कृष्ट नतीजा ल्याउने विद्यालयलाई पुरस्कृत गर्ने परिपाटीलाई निरन्तरता दिइएको छ ।
- विभिन्न पुस्तकालय तथा विद्यालयको भौतिक तथा शैक्षिक सामग्रीको विस्तारका लागि अनुदानको व्यवस्था गरिएको छ ।
- पत्रकारिताको क्षमता अभिवृद्धिको लागि बजेटको व्यवस्था गरिएको छ ।
- यूनिसेफको सहयोगमा विभिन्न शैक्षिक कार्यक्रमको माध्यमबाट महिला तथा बालबालिकाको शैक्षिक र शारीरिक विकासको कार्यक्रम अगाडि बढाइएको छ ।
- युनिसेफको सहयोगमा संचालित कार्यक्रम अन्तर्गत गरीब विद्यार्थीहरुलाई शैक्षिक सहायता प्रदान गर्न बजेट व्यवस्था गरिएको छ ।
- धरानभित्र रहेका सम्पुर्ण बाल विकास केन्द्रहरुलाई व्यबस्थित संचालनका लागि निर्मित समितिहरुलाई प्रभावकारी बनाउन ती समितिहरुसँग निरन्तर छलफल तथा अन्तर्क्रिया गरिनेछ ।
- धरान न.पा.को दीर्घकालिन सोच अनुरुप निरक्षरता उन्मुलन अभियान अर्न्तगत पाईलट प्रोजेक्टको रुपमा वडाहरु छनौट गरी प्रत्येक वर्ष कम्तिमा एक वटा वार्ड भित्र स्कुल वाहिर रहेका र जोखिममा परेका वालवालिकाहरुलाई स्कुल जाने वातावरण तयार गर्ने नीति अवलम्वन गरिने छ । सो प्रयोजनको लागि चालह्र आ.व.मा वडा नं. १४ लाई लिइएको छ ।
- प्राविधिक शिक्षाको विकासको लागि धरानभित्र रहेका खाद्य प्रविधी क्याम्पस, हात्तिसार र पुर्वाञ्चल इन्जिनियरिङ क्याम्पस लगायत अन्य प्राविधिक शिक्षालयहरुसँग आवश्यक समन्वय र सहयोग गरिने छ ।
- गुणस्तरीय शिक्षाका लागि जि.वि.स. तथा सरोकारवाला संघ संस्थाहरुसँग आवश्यक परामर्श र समन्वय गरिने छ ।
- न.पा.को दुरदृष्टि बमोजिम शैक्षिक पुर्वाधारयुक्त शहर वनाउन गुणस्तरीय शिक्षा आवश्यक पर्ने हुँदा त्यसका लागि पुर्व प्राथमिक विद्यालय संचालन अनमुती र स्तर बृद्धिको सिफरिस दिंदा विद्यालय संचालन गरिने भवनको भौतिक पुर्वाधार उपयुक्त अवस्थामा भएको र अति आवश्यक देखिए मात्र सिफारिस गरिने छ ।

**स्वास्थ्य:**

नगरवासीको स्वास्थ्य स्थितिको सुधार गर्न चालु आ.व.को लागि देहायका कार्यक्रहरु संचालन गरिनेछन् ।

- बजार सरसफाइ व्यवस्थाको निरन्तरता र प्रभावकारितामा वृद्धि गर्नको लागि केही ठेलाहरु खरिद गर्न बजेटको व्यवस्था गरिएको छ ।
- भविष्यमा आइपर्नसक्ने विविध प्रकोपको नियन्त्रणको लागि बजेटको व्यवस्था गरिएको छ ।
- पोलियो खोप, भिटामिन ए कार्यक्रम एचआईभी /एड्स र लागू पदार्थ दुर्व्यसन नियन्त्रणको लागि स्थानीय संघसंस्थाहरुसँग समन्वय गरी कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरिएको छ ।
- विभिन्न दातृसंस्थाको सहयोगमा बिपन्न बस्तीहरुमा शौचालय निर्माण गरिनेछ ।
- शिशु पोषण, स्याहार संभार, वालविकास केन्द्र आदिको विकास विस्तार गर्ने कार्यक्रमलाई निरन्तरता तथा विस्तार गरिनेछ ।
- सहरी गरीबको तथ्याङक संकलन, मातृ मृत्यूदर, शिशु मृत्यूदर, साक्षरता स्थिति, Drop Out स्थिति आदिको तथ्याङक संकलन तथा त्यसको कारण र समाधानको खोजी गर्ने र त्यसलाई निराकरण गर्ने कार्यक्रमहरु संचालन गर्ने प्रयास गरिनेछ ।
- स्वास्थ्य क्षेत्र सुदृढीकरणका लागि धरान न.पा. मा अवस्थित बी.पी.को.स्वा.वि.प्र.संग समन्वय गरी स्वास्थ्य प्रवर्द्धन कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरिनेछ ।
- नगरक्षेत्रका HIV Aids संक्रमण भएका बिरामीहरुको उपचारको लागि विगत बर्षहरुदेखि नै दिइँदै आएको न्यूनतम आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाले संचालन गर्दै आएको ७ वटा सहरी सामुदायिक स्वास्थ्य केन्द्रहरुलाई व्यवस्थित गर्दै लैजान, कार्यप्रकृया र प्रणालीमा एकरुपता ल्याउन साथै समुदायकै जिम्मामा दिई अपनत्व कायम गराउने उद्देश्यले समुदायमै हस्तान्तरण गर्ने गरी तयार भएको सहरी स्वास्थ्य केन्द्र संचालन निर्देशिकालाई आवश्यक परिमार्जन गरी लागु गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा व्यापक परिवर्तनको लागि स्वास्थ्य स्वयंसेविकाको परिचालनमा जोड दिदै उत्कृष्ट सेवा पुऱ्याउने तीनजना स्वयंसेविकालाई स्वयंसेविका दिवशको अवसरमा रु.१,००० एकहजारका दरले पुरस्कार र सम्मानपत्र प्रदान गरिनेछ ।

**पर्यटन**

धरानको दीर्घकालिन दृष्टिकोणको अर्को महत्वपूर्ण पाटोको रुपमा रहेको पर्यटन क्षेत्रको विकासको लागि चालु आ.व.मा देहायको नीति अख्तियार गरी अघि बढ्ने लक्ष्य लिइएको छ ।

- धार्मिक पर्यटन प्रबर्द्धनका लागि विष्णुपादुका, पिण्डेश्वर बाबाधाम, बराहक्षेत्र, छठ पर्व जस्ता धार्मिक मेलाको संचालनमा सहयोगको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- मठमन्दिर सजावट र पूर्वाधार निर्माणका साथै पन्चकन्या जंगलमा रहेको किराँत राजाको दरबारको भग्नावशेषको संरक्षणको कार्यलाई प्राथमिकतासाथ अघि बढाइनेछ ।
- धार्मिक तथा पुरातात्वीक स्थलहरुको खोज, पहिचान, संरक्षण तथा प्रचारप्रसारमा पहल गरिनुका साथै रुद्राक्षारण्यको विकास तथा प्रचार प्रसार गर्न पहल गरिनेछ ।
- प्यारागलाइडिङको लागि सम्भाव्यता अध्ययनको प्रकृया अगाडि बढाइने र अन्य पर्यटकीय सम्भावनाहरुको समेत अध्ययन गरिनेछ ।
- पर्यटकीय वस्तुहरु तयार पारी स्थानीय व्यवसायीहरुको सहायतामा सोको प्रबर्द्धन गरिनेछ ।
- धरानको मुटुमा रहेको घण्टाघरको व्यवस्थित संचालनको लागि गठन भएको व्यवस्थापन समितिलाई नै निरन्तरता दिइनेछ ।
- पर्यटकीय सूचना सामाग्री (ब्रोसर, पोष्टर, टुर गाइड, भिडियो आदि) तयारी र प्रचार प्रसार गरिनेछ ।
- धरान उत्सव मनाउने तथा धरान उत्सवलाई पर्यटन विकास बोर्डको क्यालेण्डरमा पार्न पहल गरिनेछ ।
- धरानमा रहेको १८ होलको गल्फ कोर्षलाई प्रचार प्रसार र गल्फ प्रतियोगिता आयोजना साथै ध.न.पा.को स्वामित्वमा ल्याउन पहल गरिनेछ ।
- पर्यटनका सरोकारवालाहरुको समन्वयमा विभिन्न पर्यटन तथा टुर प्याकेजहरुको विकास, तालीम र प्रचारप्रसार गर्न पहल गरिनेछ । साथै धरान आसपासका क्षेत्रमा पैदल यात्रा (Trekking ) गर्ने सम्भाव्य स्थानहरुको पहिचान र प्रसार प्रसार गरिनेछ ।
- होटल, रेष्टुरेण्टहरुको स्तर र क्षमता अभिबृद्धि लगायत ट्याक्सी व्यवस्थापनमा पहल गरिनेछ ।
- सांस्कृतिक सहरको घोषणामा पहल गरिनेछ भने सांस्कृतिक जातीय संग्रहालयको स्थापनामा पहल गरिनेछ ।
- घण्टाघरको तल्लोपट्टी रहेको कोठामा पर्यटकीय सूचना केन्द्रको स्थापनाको लागि नेपाल पर्यटन बोर्डसँग सहकार्यको काम अगाडि बढाइनेछ ।
- पूर्वाञ्चल क्षेत्रका पर्यटकीय स्थानहरुसँग समन्वय गरी धरानलाई पर्यटन केन्द्र (Hub) हव सेन्टरको रुपमा विकास गरिनेछ र पर्यटन क्षेत्र विकास एवं विस्तारको लागि अन्य सम्भावित जिल्ला, गा.वि.स., न.पा., संघसंस्थाहरुसँग समन्वय संजाल (भगिनी सम्वन्ध) स्थापना गरी पबवर्द्धन गर्न पहल गरिनेछ ।
- छिमेकी गाउँहरुसम्म जोड्ने सडकहरुको विकास गरी गा.वि.स.,जि.वि.स. तथा सम्वन्धित मन्त्रालयसँग सहकार्यको पहल गरिनेछ ।
- धरानको नजिकका पर्यटकीय सम्भावना भएका स्थलहरु (रामधुनी, बराहक्षेत्र, प्राचिन हरिद्वार चतरा, विष्णुपादुका, सूर्यकुण्ड, भेडेटार, डाँडाबजारको धजे डाँडा, अजङ्गको रुख, राजारानी आदि) को फोटो तथा चित्रकला प्रर्दशनीका लागि पहल गरिनेछ ।
- ऱ्याफटिङ प्रबर्द्धनका लागि कार्यक्रम बनाई संचालन गरिनेछ ।
- पर्यटन सम्बन्धी संघ संस्थाहरुसँग सम्बन्ध विस्तार गरिनेछ । पर्यटन प्रबर्द्धन पुरस्कारको व्यवस्था गरिनेछ ।
- एयरपोर्ट, केबलकार र बृहत रंगशाला निर्माणका लागि पहल गरिनेछ ।
- सप्तरंगी पार्कको पूर्वाधार विकासको लागि तयार भएको गुरुयोजनालाई समयसापेक्ष पुनरावलोकन गरी सोको आधारमा थप चरणको काम समेत गरिनेछ । साथै उक्त पार्कले चर्चेको जग्गा अतिक्रमण हुनबाट बचाउनका लागि बारबेरा लगाई सुरक्षित गर्न आवस्यक बजेट समेत विनियोजन गरिएको छ ।

- पर्यटकीय विकासका लागि स्थानीय नागरिक समाज, पर्यटन व्यवसायमा संलग्न संस्था, निकाय, नेपाल पर्यटन बोर्ड तथा सम्बद्ध निकायहरुको सहयोगमा विगतमा तोकिएका पर्यटकीय स्थलहरु तथा भविष्यमा हुन सक्ने स्थलहरुको विकास, संरक्षण तथा सुरक्षाका लागि भौतिक, सामाजिक, सांस्कृतिक, धार्मिक मापदण्ड तय गरी एक पर्यटकीय क्षेत्र विकास निर्देशिका तयार गरी लागू गरिनेछ । साथै यस निर्दशिकाले पर्यटनको क्षेत्रमा कार्यरत संघ संस्था उद्योग व्यवसायी होटल लगायतका पर्यटन उद्योग सम्बद्ध निकायहरुका लागि राष्ट्रिय स्तरका मापदण्डको अनुसरण गर्दै स्थानीय स्तरका मापदण्ड तय गर्नेछ ।
- पर्यटनको विकास र समन्वयका लागि गठन भएको धरान पर्यटन विकास समिति मार्फत विभिन्न पर्यटकीय गतिविधिहरु संचालन र व्यवस्थापन गरिनेछ ।
- धरानको प्रचार प्रसारमा उल्लेख्य योगदान पुऱ्याउने गरी यस आ.ब.मा कम्तीमा १२ वटा लेख प्रकाशित गर्ने पत्रिका १ र पत्रकार १ लाई सम्मान स्वरुप रु ५००० का दरले नगद पुरस्कार सहित सम्मान पत्र प्रदान गरिनेछ ।
- न.पा.को हाता भित्रको फुलवारीको व्यवस्थापनका लागि घण्टाघर व्यवस्थापन समितिसँग सहकार्य गरिनेछ ।
- सप्तरंगी पार्कमा एक ब्लक घण्टाघर व्यस्थापन समितिलाई उपलब्ध गराई नमूनाको रुपमा विकास गरिनेछ ।
- घण्टाघरको अण्डरग्राउण्डमा रहेको १ कोठामा पर्यटन सूचना केन्द्रको स्थापना गरिनेछ ।
- घण्टाघरको उद्यान क्षेत्रमा कम्तीमा २ वटा फोहराहरु राखिनेछ । उद्यान क्षेत्रमा एउटा आकर्षक शौचालय निर्माणको लागि पहल गरिनेछ ।

## आ.व. २०६५।०६६ को कार्यक्रमको सारांश

१. आ.ब.०६५।०६६ को लागि कर्मचारीहरुको तलब, भत्ता, कार्यालय समान र सेवा खर्च, पोशाक, मर्मत सम्भार, दैनिक तथा भ्रमण भत्ता, इन्धन र विविध खर्च समेत गरी ***प्रशासनिक खर्च*** तर्फ कूल रु.२,८३,८९,६००।०० विनियोजन गरिएको छ जुन कूल विनियोजीत बजेटको ३०.३६% मात्र रहेको छ ।

२. चालु आ.ब.०६५।०६६ को लागि ***सामाजिक विकास*** तर्फ प्रशासनिक व्यवस्थापन, शिक्षा संस्कृति, बजार सरसफाइ, जनस्वास्थ्य, वारुणयन्त्र संचालन, खेलकुद विकास, पर्यटन विकास, सूचना, प्रकाशन तथा अनुसन्धान, मानवीय संसाधन विकास, कर व्यवस्थापन, सामुदायिक विकास अन्तर्गत बालबालिका, महिला, यूवा विकास, सडक बत्ति विस्तार तथा व्यवस्थापन, साँवा व्याज भुक्तानी र विभिन्न संघ संस्थाहरुलाई संचालन र पूंजीगत अनुदान, जग्गा विकास कार्यक्रम र आवधिक योजना तयारी समेत गरी जम्मा रु., २,४५,८४,२००।०० मात्र विनियोजन गरिएको छ जुन कुल बजेटको २६.३०% रहेको छ ।

३. साधारण पूंजीगत खर्चतर्फ रु.९,५३,०००।– विनियोजन गरिएको छ, जुन कूल बजेटको १.०२% मात्र रहेको छ भने भवन निर्माण तथा मर्मत सम्भार तथा जग्गा खरिदतर्फ जम्मा रु.५३,७०,०००।– विनियोजन गरिएको छ, जुन कूल बजेट विनियोजनको ५.७४% र सार्वजनिक निर्माण तथा पूंजिगत सुधार तर्फ गतवर्षमा शुरु भई सम्पन्न हुन बांकी भौतिक विकास योजना र केही अत्यावश्यक थप निर्माणको लागि रकम विनियोजन गरिएको छ । हाम्रो जस्तो पूर्वाधारको कमी भएको नगरमा विकासको मूल अंश नै यही भौतिक विकासलाई मान्नु पर्ने बाध्यता भएकोले यसमा नै सबैभन्दा वढी विनियोजन गरिएको छ । यसरी भौतिक निर्माण र पूंजिगत सुधार तर्फ जम्मा रु. ३,४२,०१,२००।– विनियोजन गरिएको छ । यसले मात्र प्रस्तावित बजेट रकमको ३६.५८ % भार बहन गरेको छ ।

४. भौतिक विकास तर्फ विनियोजित रकममा स्वीकृत योजनाभन्दा बाहेकको कुनै तत्काल नगरी नहुने किसिमको काम गर्नुपर्ने भएमा नगर प्रमुखको आफ्नो स्वविवेकी निर्णयमा खर्च गर्न सक्ने गरी विभिन्न आकस्मिक योजनाहरुको लागि समेत बजेट विनियोजन गरिएको छ ।

५. संक्षेपमा भन्नुपर्दा कूल विनियोजित बजेटमध्ये प्रशासनिक खर्चतर्फ ३०.३६% र सामाजिक विकास र पूंजीगत तर्फ ६९.६४% विनियोजन गरी पूंजीगत विकासतर्फ विशेष जोड दिइएको छ ।

समग्रमा यस बजेटमा न.पा.को दीर्घकालीन दृष्टिकोणलाई मध्यनजर गरी देहायका कार्यक्रमहरु समावेश गरिएको छ ।

### आ.व. ०६५।०६६ को व्यय तर्फको विनियोजन सारांश

| क्र.सं. | खर्च विवरण | अनुमान | अनुमानमा % |
|---|---|---|---|
| १ | प्रशासनिक खर्च | २८३८९६००।०० | ३०.३६% |
| २ | सामाजिक विकास तर्फ | २४५८४२००।०० | २६.३०% |
| ३ | साधारण पूंजिगत खर्च | ९५३०००।०० | १.०२% |
| ४ | भवन निर्माण तथा मर्मत सम्भार | ५३७००००।०० | ५.७४% |
| ५ | सार्वजनिक विकास निर्माण | ३४२०१२००।०० | ३६.५८% |
| जम्मा: | | ९३४९८०००।०० | १००% |